म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २२० बुधवार ७ चैत २०८० ने. सं. ११४४ चिल्लाथ्व 20 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## क्षमता विकास तथा लेखाव्यवस्थापन तालिम

हेटौंडा, ६ चैत/हेटौंडामा टोल विकास संस्थाका पदाधिकारीलाई क्षमता विकास तथा लेखाव्यवस्थापन तालिम दिन सुरु गरिएको छ । हेटौंडा उपमाहानगरपालिकाको आर्थिक सहयोग तथा टोल विकास संस्था नगरसमन्वय समिति हेटौंडाको आयोजनामा गरिएको ३ दिने तालिममा हेटौंडा-१० र ११ नम्बर वडाका ५५ जना सहभागी छन् । टोल विकास संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षका लागि लक्षित गरी तालिमको आयोजना गरिएको हो । टोल विकास संस्था नगरसमन्वय समितिका अध्यक्ष ध्रुब अधिकारीको सभाध्यक्षतामा भएको तालिममा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यता रहेको थियो । हेटौंडा-११ को सामुदायिक प्रहरी सेवाकेन्द्रको भवनमा भैरहेको तालिम उद्घाटनमा हेटौंडा-११ कि वडाध्यक्ष जुना दाहाल, सामुदायिक प्रहरी सेवाकेन्द्र हेटौंडाका अध्यक्ष देवकुमार श्रेष्ठलगायतको आतिथ्यता थियो ।

# पुराना दललाई पनि मात खुवाउने शैलीमा हाम्रो नेपाली पार्टी

निशा गुरुङ

हेटौंडा, ६ चैत/हाम्रो नेपाली पार्टी (हानेपा)को पछिल्लो भूमिकालाई लिएर यतिबेला बागमती प्रदेशको सत्ता राजनीति तरंगित छ । हाम्रो नेपाली पार्टीको सत्ता बार्गेनिङले पुराना दलको सत्ता र शक्तिमोहलाई समेत मात खुवाउने अवस्थामा पुऱ्याएको छ ।

बागमती प्रदेशसभामा दुई सिटको हानेपाले पुरानो मन्त्रालय वा संसदीय समितिको सभापति दाबी छोडेर मुख्यमन्त्रीमै आँखा लगाएको हो । हानेपाले मुख्यमन्त्रीमा दाबी गरेपछि सत्ता गठबन्धनका दल नेकपा माओवादी केन्द्र, नेकपा एमाले अन्य साना दलसँग छलफलमा जुटेका छन् । २३ फागुनमा नेपाली कांग्रेसले समर्थन फिर्ता लिएपछि बागमतीका मुख्यमन्त्री शालिकराम जम्कट्टेल अल्पमतमा छन् । उनले सरकारलाई समर्थन कायम राखेको हाम्रो नेपाली पार्टीलाई सरकारमा सहभागी गराएर विश्वासको मत लिने योजनामा छन् । जम्कट्टेलले विश्वासको मत पाउन हाम्रो नेपाली पार्टीको दुई मत निर्णायक बनेको छ ।

आफ्नो निर्णायक मतको बलमा हाम्रो नेपाली पार्टीका संसदीय दलका नेता शैलेन्द्रमान बज्राचार्यले मुख्यमन्त्री नै दावी गरेका हुन् । ४ चैतमा पार्टी केन्द्रीय कमिटीको विज्ञप्तिमा सरकार बनाउने र ढाल्ने खेलमा नरहेको दाबी गरिएको छ । तर, पार्टीले भने मुख्यमन्त्रीमा दाबी गरेको हो । यही, विज्ञप्तिलाई लिएर बागमतीमा तरङ्ग पैदा भएको हो । २५ पुस २०७९ यता सरकारलाई समर्थन गरेको हाम्रो नेपाली पार्टी एउटा मन्त्रालय वा एउटा संसदीय समिति सभापतिमा मरिहत्ते गरिरहेको दल थियो । चालू आर्थिक वर्ष २०८०/८१ का लागि ५ करोड बजेटको योजना बुझाउँदा ३० लाख मात्रै परेको, मन्त्रालय वा संसदीय समितिको सभापति माग्दा ठूला दलबाट हेपाई सहनुपरेको गुनासो बज्राचार्यले साझाकुरासँग सुनाएका थिए ।

ठूला दलको हेपाईकै कारण मौका आउँदा मुख्यमन्त्रीमा दाबी गरेको नेता बज्राचार्यले बताए । विज्ञप्तिमा पुराना राजनीतिक दल र आफू बाहेकका नयाँ दललाई सत्तोसराप गरेको हानेपा भने बागमतीको सत्ता र शक्तिको बार्गेनिङमा लागेको विज्ञप्तिबाटै पुष्टि हुन्छ । पार्टी प्रवक्ता डिल्लीश्वर कार्कीको हस्ताक्षरमा जारी विज्ञप्तिको सुरुवातमै निर्वाचनमा पुराना दललाई विस्तापित गराउन 'नो नट अगेन'को अभियान चलाइएको र त्यसमा नयाँ दलको मुख्य मुद्दा रहेको उल्लेख गरेको छ । तर, बागमतीमा सरकार गठनको सुरुवातमै हानेपाले मुख्यमन्त्री जम्कट्टेललाई समर्थन गरेको थियो ।

त्यतिबेला हानेपा बाहेकका दलको स्पष्ट बहुमत थियो । गठबन्धनमा स्पष्ट बहुमत हुँदा पनि सरकारलाई समर्थन गरेको हानेपाले मन्त्रालयमा दाबी गरेको नेता बज्राचार्यले स्वीकार गरेका छन् । सरकारलाई समर्थन गरेपछि स्वभाविकरुपमै मन्त्रालय पाउनुपर्ने उनको भनाई थियो । संसदीय समितिमा पनि भागबण्डा खोजेको उनको भनाईबाट पुष्टि हुन्छ । 'नयाँ भनिएका दलहरु पनि पुरानै दल र प्रवृतिको शिकार मात्र बनेनन्, सरकार ढाल्ने र बनाउने अन्तहीन श्रृंखलाको मतियारसमेत बने,' राष्ट्रिय स्वतन्त्र पार्टीतर्फ लक्षित गर्दै हानेपाले विज्ञप्तिमा लेखेको छ । तर, गठबन्धन नफुट्दै फागुन तेस्रो हप्ता नेता बज्राचार्य नै समर्थन फिर्ता लिएर सरकारलाई अप्ठ्यारो पार्ने कसरतमा थिए । जुन विषय उनी आफैंले साझाकुरासँग स्वीकार गरेका छन् ।

बज्राचार्यले संसदीय समिति पनि नपाउने भएपछि सरकारलाई दिएको समर्थन फिर्ता लिने पत्र प्रदेशप्रमुख यादवचन्द्र शर्मालाई बुझाउन तयार पारेका थिए । आफूले 'यो घटनाक्रम हुनुभन्दा अगाडि नै समर्थन फिर्ता लिन तयार भइसकेको' बज्राचार्यले स्वीकारे । उनले हस्ताकलासम्बन्धी विधेयक नआएकोले समर्थन फिर्ता लिन खोजेको बताए । 'उहाँ (बज्राचार्य) ले समर्थन फिर्ताको पत्र नै बनाइसक्नु भएको थियो । पछि आफैं पछाडि हट्नु भएको हो,' एक सांसदले सुनाए । उनले त्यो पत्र प्रदेशसभाभित्रै च्यातेका थिए । विज्ञप्तिमा वर्तमान सत्तागठबन्धनले पार्टीलाई मन्त्रालय वा राजनीतिक पदको भागबण्डा थालीमा राखेर पस्किएको जनाइएको छ । 'कुनै दल वा गठबन्धनको पक्ष वा विपक्षमा नलागी देश र जनताको पक्षमा रहने निर्णय गरेको छ,' हानेपाले भनेको छ । तर, मुख्यमन्त्रीमा भने दाबी रहेको उल्लेख छ । काम गर्न सत्तामै जानुपर्ने अपूर्ण भाष्य स्थापित गरिएको भन्दै दुईसिटको हानेपालाई अलग उभिन सहज नभएको पनि दाबी गरेको छ ।

'नो नट अगेन' भनिएकालाई नै काँधमा हालेर प्रदेश सरकारको शीरमा राख्ने काम हानेपाबाट नहुने दाबी गरिएको छ । तर, हानेपाले सरकारलाई समर्थन कायमै राखेको छ । नेता बज्राचार्यले समर्थन फिर्ता लिने बताए । मुख्यमन्त्रीमा दाबी गरेर अहिलेको परिस्थितिमा आफ्नो पार्टीको अस्थित्व थाहा दिन खोजेको उनको भनाई छ । 'मुख्यमन्त्री आलोपालो हुँदो रहेछ । दलको नेता हुँदा मैले पनि आलोपालोमा दाबी गर्न पायो नी । म बिना सरकार नबन्ने हो भने किन ?' बज्राचार्यले भने, 'एक महिनाको मन्त्री किन हुने, दुई महिनाको मन्त्री किन हुने । पहिला पनि मन्त्रालय मागेको हैन । विश्वासको मत दिएपछि हाम्रो अधिकारको कुरा थियो । गठबन्धनमा बसेपछि उहाँहरुले मन्त्रालय दिनै पर्ने थियो । उहाँहरुले दिनुभएन,' ।

सत्ताका लागि पुराना दल र नयाँ दलमा फरक देखिए नि भन्ने प्रश्नमा बज्राचार्यले भने, 'हामीले नेतृत्व दियो भने सक्षम छौं मात्रै भनेको हो । त्यो मौका परे गर्ने कुरा हो नी । उहाँहरु मौका गुमाउँदै हुनुहुन्छ भनेर प्रस्तुत हुनुभयो के,' पार्टीको बटमलाइन मुख्यमन्त्री राखेको र बाँकी कुरा गठबन्धनका नेताले नै मिलाउने उनको धारणा छ । नेता बज्राचार्यले सरकारमा जानसक्ने संकेत पनि गरे । सरकार परिवर्तनको श्रृंखला भइरहने र मध्यावधिसम्मै पुग्ने स्थिति आएमा दाबीबाट पछाडि हटेर भए पनि निकास दिने उनको भनाई छ । 'गठबन्धनमा छलफल हुन्छ । यही नै अन्तिम हैन । विकल्पहरु छन्', उनी भन्छन् ।

विश्लेकहरु पुरानै दलको शैलीमा नयाँ दल हाम्रो नेपाली पार्टी पनि सत्ताको बार्गेनिङमा लागिरहेको बताउँछन् । हेटौंडा क्याम्पसका सहप्राध्यापक अर्पण पराजुलीले पुराना र नयाँ दलबीच कुनै भिन्नता नरहेको बताए । उनले सत्ता बार्गेनिङ सत्ताभोगको लागि मात्रै देखिएको उल्लेख गरे । 'यसले कुनैपनि आधारमा सामाजिक, आर्थिक र जनजीविकाको सवालमा सकारात्मक प्रभाव पार्दैन । समृद्धि देशको परिकल्पनामा यसले कुनै असर पुऱ्याउँदैन,' पराजुलीले भने, 'वास्तवमा दलहरुले सत्तामा पुगिरहन बार्गेनिङ गरिरहनु भनेको देश विकासको दृष्टिले पछाडि पर्नु हो ।'

बागमती प्रदेशको हकमा साना दलहरु च्याँखे शैलीमा पुगेको उनको धारणा छ । सरकार बनाउन ठूला दलहरुको एकल बहुमत नपुग्ने भएकाले साना दलले आफ्नो स्वार्थअनुसार राजनीतिलाई घुमाइरहेको र यसले समग्र प्रदेशको विकास र नागरिकको जीवतस्तर उकास्न भन्दा पनि आफ्नो महत्वाकांक्षामा रुमल्लिएको पराजुली बताउँछन्, 'अहिले सत्ताभोग गर्ने मात्रै देखिएको छ । यसले कहीँकतै उपलब्धी गर्दैन,' ।

# बागमती प्रदेशमा २९ प्रतिशत बालविवाहका घटना



साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत/ समाजको चेतनास्तर बढ्दै गएपनि बालविवाह भने रोकिएको छैन । सरकारको अनेकन प्रयासकाबीच पनि बालविवाह घटेको तथ्यांकहरुले देखाउँदैन ।

यसलाई नियन्त्रण गर्न सरकारी प्रयास धेरै भएका छन् । तर, पनि अपेक्षित सफलता हासिल हुन सकेको छैन । केन्द्रीय तथ्यांक विभागको तथ्यांकअनुसार तराईमा बढी बालविवाह हुने गरेको छ । तराईका २० जिल्लामा बालविवाहको दर ४२.२ प्रतिशत छ भने यो दर पहाडी जिल्लामा ३२.६ प्रतिशत र हिमाली जिल्लामा ३३.१ प्रतिशत छ । तराईमा पनि महोत्तरी, सर्लाही, धनुषा, रौतहट आदि जिल्लामा बालविवाहको दर निकै उच्च रहेको पाइन्छ ।

केन्द्रीय तथ्यांकअनुसार बागमती प्रदेशमा मात्रै २९ दशमलव ३ प्रतिशत बालविवाहका घटना भएका छन् । त्यसैगरी सुदुरपश्चिम प्रदेशमा २९ दशमलव १ प्रतिशत, कर्णाली प्रदेशमा ३७ दशमलव ९ प्रतिशत बालविवाहका घटना भएका छन् । लुम्बिनी प्रदेशमा ३४ प्रतिसत बालविवाह घटना भएका छन् भने गण्डकी प्रदेशमा ३२ दशमलव ४ प्रतिशत बालविवाह भएको तथ्यांकले देखाएको छ । त्यसैगरी मधेस प्रदेशमा ४२ दशमलव ४ प्रतिशत र कोशी प्रदेशमा ३४ प्रतिशत बावविवाह भएका छन् ।

देशका सबै भूभागमा जकडिएको बालविवाहको मुख्य कारण अशिक्षा, जनचेतनाको कमी, दाइजोप्रथा, कम विकास आदि छन् । तर, पछिल्लो समय सूचनाप्रविधिको विकासका कारण बालविवाहको स्वरुपमा भने केही बदलिएको छ । पहिला अभिभावकले जबर्जस्ती बालविवाह गरिदिने प्रचलन थियो । तर, अहिले अभिभावकले नचाहँदा पनि भागेर बालविवाह गर्ने प्रचलन बढेको छ । यसको मुख्य कारण देखासिकी र सूचनाप्रविधिको विकास र त्यसको दुरुपयोग हो । तर, कानुनीरुपमा यसबिरुद्ध उपचार खोजिने क्रम भने न्यून छ । नेपाल प्रहरीका अनुसार पछिल्लो पाँच वर्षमा बालविवाहसम्बन्धी केवल ३ सय ३८ वटा मात्र मुद्दा परेका छन् । बालविवाहको समस्या निकै लामो समयदेखि विद्यमान छ तर, यसलाई रोक्न सरकारी प्रयास पर्याप्त छैनन् ।

बालविवाह मानव अधिकारको गम्भीर उल्लंघनको बिषय भएकाले नेपाल सरकारले यसको रोकथामका लागि बहुआयामिक रणनीति अवलम्बन गर्नुपर्छ । शिक्षा, चेतनामूलक कार्यक्रम र कानुनी कार्यान्वयनमा जोड दिनुपर्छ । सरकारसँगै परिवार र समाजको पनि बालविवाह रोकथाममा उत्तिकै भूमिका हुने गर्छ । बालबिवाहका कारण सम्बन्ध बिच्छेदका घटना पनि बढेको छ । परिवार मात्र बिग्रेको छैन, यसले स्वास्थ्यका साथै आर्थिक र सामाजिकरुपमा असर पनि परेको छ ।

बालविवाहले प्रजनन् स्वास्थ्य समस्या, लैंगिकहिंसा, घरेलुहिंसा, शिक्षाबाट बञ्चित, आर्थिक परनिर्भरता बढाएको छ । त्यसैले सरकारले नीति निर्माण मात्र हैन, त्यसको व्यावहारिक कार्यान्वयनमा तीनै तहको सरकार गम्भीरताका साथ लाग्न जरुरी छ ।

साथै परिवार र समाजले पनि बालबिवाह विरुद्धको अभियानलाई प्रभावकारी कार्यान्वयनमा साथ दिएर देशलाई बालविवाहमुक्त बनाउन सहयोग गर्नुपर्छ ।

# नगरको विकासमा निजी क्षेत्रसँग सहकार्य गर्छौं: मेयर लामा



साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत/हेटौंडा नगरको विकास र समृद्धिका लागि निजी क्षेत्रसँग सहकार्य गर्न तयार रहेको उपमहानगरप्रमुख मीनाकुमारी लामाले बताएकी छन् ।

हेटौंडामा प्रदशस्तरीय महिला उद्यमी प्रदर्शनी-२०८० को समापनलाई संम्बोधन गर्दै नगरप्रमुख लामाले नगरको विकासका लागि नियम, परिधि र कानुनमा रहेर निजीक्षेत्रसँग सहकार्य गर्न तयार रहेको बताएकी हुन् । 'जिम्मेवारीमा रहँदा केही तीतामीठा कुराहरु भए होलान् त्यसलाई मनमा नलिन आग्रह गर्दै पुराना कुरालाई बिर्सेर नयाँ ढंगबाट नगरको विकासका लागि सहकार्य गरौं' उनले भनिन् । प्रदेशको राजधानी भएपनि विकासका हिसाबले पछि परिरहेको भन्दै नगर प्रमुख लामाले योजना बनाएर सहकार्य गर्न कुनै समस्या नभएको बताइन् ।

उद्यमी मेलाको समापन गर्दै नगरप्रमुख लामाले साना उद्योग सञ्चालन गर्दै महिलालाई आर्यआर्जनमा जोड्न जरुरी रहेको बताइन् । आर्थिक समस्याका कारणले हिंसाका घटनाहरु हुने, महिला परनिर्भर बन्नुपर्ने अवस्थालाई रोक्नका लागि दिगो आर्यआर्जनमा जोडिन जरुरी रहेको उनको भनाई थियो । समापनमा ११ वर्ष पछि मकवानपुर उद्योग वाणिज्य संघ महिला उद्यमी समितिले प्रकाशन गरेको स्मारिका बिमोचन गरिएको थियो ।

संघका अध्यक्ष कृष्ण कुमार गुप्ता अग्रवालको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य कृष्ण कटुवाल, मकवानपुरका प्रहरीप्रमुख सीताराम रिजाल, महिला उद्यमी समितिका सभापति अंकिता सुमार्गी, मउवा संघका पूर्वअध्यक्ष अरुणराज सुमार्गी, प्रदर्शनकर्ता नुरानी ढुङ्गेल लगाएतले मन्तव्य व्यक्त गरेका थिए । प्रदर्शनीमा ४५ वटा घरेलु उत्पादनका सामग्रीको स्टल रहेको थियो ।

लामो समयपछि सञ्चालन भएको प्रदर्शनीमा मकवानपुर, सिन्धुली, चितवन, काठमाडौं, नुवाकोट, ईटहरी देखिका उद्यमीले स्टल राखेका थिए । प्रदर्शनी अवधीमा महिला उद्यमीको वस्तु तथा सेवाको प्रदर्शनी तथा बिक्री, कृषि उपजको प्रदर्शनी तथा बिक्री, स्थानीय कलाकारको दैनिक मनोरञ्जनात्मक प्रस्तुति, महिला उद्यमीको सफलताको कथा प्रस्तुति, महिला उद्यमशीलतालगायतका विषयमा प्यानल छलफल, कृषि सम्बन्धी खुल्ला अन्तरक्रिया सञ्चालन भएको थियो ।

# एमाले ५ नम्बर वडाकमिटी अध्यक्षमा घिमिरे

साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत/नेकपा एमाले मकवानपुरगढी गाउँपालिका-५ वडाकमिटीको पुनर्गठन गरिएको छ । मंगलबार भएको वडाभेलाले पुन: सन्तोष घिमिरेको अध्यक्षतामा नयाँ कार्यसमिति बनाएको हो ।




घिमिरेको अध्यक्षतामा २५ सदस्यीय कार्यसमिति गठन भएको छ । उपाध्यक्षमा दिलकुमारी थिङ, सचिवमा रामप्रसाद तिमल्सिना, उपसचिवमा अशोक बजगाईं र शिवराज तिमल्सिना चयन भएका छन् । अध्यक्ष घिमिरेको सभाध्यक्षता तथा नेकपा एमाले बागमती प्रदेश कमिटी सदस्य बलराम बलको प्रमुख आतिथ्यतामा भेला भएको हो ।

भेलामा एमाले प्रदेश कमिटी सदस्य नवराज तिमल्सिना, एमाले मकवानपुरका सचिवालय सदस्य तथा मकवानपुरगढी गाउँपालिका ईञ्चाज बिदुर हुमागाईं, एमाले मकवानपुरका सचिवालय सदस्य मेम्बरलो, एमाले मकवानपुरगढी गाउँपालिका अध्यक्ष रामजी सापकोटा, अनेरास्ववियु मकवानपुरगढीका प्रभास घिमिरेलगायतको उपस्थिति थियो । मकवानपुरका ८ वटा वडामा पार्टी कमिटीको पुनर्गठन भइरहेको छ ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सौन्दर्य शिक्षामा नगरको रहर

शिक्षालाई प्रयोगात्मक बनाउनका लागि हेटौंडा उपमहानगरले सौन्दर्य शिक्षा अध्यापन गराउने भएको छ । सौन्दर्यको क्षेत्रका काम गरि रहेका र अभ्यस्त सौन्दर्य ब्यवसायीसँगको सहकार्यमा उपमहानगरले हेटौंडामै सौन्दर्य शिक्षा अध्यापन गराउने भएको हो । उपमहानगरले सामुदायिक विद्यालयमा कक्षा ९/१० मा अध्यापन हुने ऐक्षिक विषयमा सौन्दर्य शिक्षा संचालन गर्ने बिषयमा गृहकार्य गरिरहेको बताइएको छ । पाठ्यक्रम विकास केन्द्रले बिगतमा पूर्वब्यावसायिक शिक्षा पनि अध्यापन गराएको थियो । तर, विद्यालयमा पूर्वाधार नभएकै कारण पुस्तकमात्र पढाउँदा बिगतका वर्षमा पूर्वब्यावसायिक शिक्षा प्रभावकारी बन्न सकेको थिएन । कक्षा ९ र १० मा अध्यापन गराइने प्राबिधिक विषय पनि विद्यालयमा पूर्वाधारको अभावका कारण समस्यामा परिरहेको अवस्था छ ।

सोमबार हेटौंडामा आयोजित सौन्दर्यकर्मी संगठन नेपालको जिल्ला तथा नगर अधिवेसनमा उपमहानगरप्रमुख मीनाकुमारी लामाले शिक्षालाई व्यवहारिक बनाउँनका लागि पाठ्यक्रममा समाबेश गरेर अध्यापनको तयारी भएको बताएकी हुन् । उनले सौन्दर्य शिक्षालाई सिद्धार्थ माविबाट सुरु गर्ने तयारी गरिउको बताएकी थिइन् । ब्युटिसियन विषयको अध्यापनका लागि सबै तयारी पूरा भइसकेको भन्दै अध्यापनसँगै रोजगारीको अवसर श्रृजना गराउनका लागि उपमहानगरले सौन्दर्य शिक्षालाई पहिलोपटक सुरु गर्न लागेको र त्यसको तयारी भइरहेको नगरप्रमुख लामाले बताइन् । पहिलो वर्ष परीक्षणका रुपमा सिद्धार्थ माविबाट सुरु गर्ने तयारी उपमहानगरले गरेको नगरप्रमुख लामाको भनाई छ । सिद्धार्थ माविमा सौन्दर्य शिक्षा अध्यापन सफल भएको खण्डमा नगरका सामुदायिक माविहरुमा पनि लागू गर्ने तयारी गरिएको बताइएको छ । सिद्धार्थमा परीक्षणको रुपमा अध्यापन गराउने र त्यसलाई बिस्तार गर्दै नगरका सामुदायिक विद्यालयमा लैजाने लक्ष्य रहेको बताइएको छ । सौन्दर्य शिक्षा अध्यापन गराउनु मात्रै ठूलो कुरा होइन । यो शिक्षा अध्ययन गरेका युवालाई स्वदेशमा कसरी टिकाउने भन्ने बिषय महत्वपूर्ण हुन्छ । १२ पास गर्नेबित्तिकै औषत भन्दा राम्रा विद्यार्थी युरोप, अमेरिका, अष्ट्रेलिया हानिन्छन् र औषतभन्दा कमजोर विद्यार्थी रोजगारीको खोजीमा खाडीमुलुक छिर्छन् । नगरमा सौन्दर्य शिक्षाको अध्यापनले यो रोक्न सक्छ त ? यस विषयमा बहस हुनु जरुरी छ ।

आउँदो शैक्षिकसत्र २०८१ बाट सौन्दर्य शिक्षालाई अघि बढाउने तयारी गरेको उपमहानगरले बालबालिकाको रुची यो विषयमा छ कि छैन भन्ने बिषयमा कुनै अध्ययन नै गरेको छैन । कक्षा ९ बाटै सौन्दर्य शिक्षालाई अघि बढाउँदै लगिने बताइएको छ तर, विद्यार्थीमा यो बिषयप्रतिको रुची के छ त भन्ने बिषयमा सामान्य खालको अध्ययन, अनुसन्धान पनि आवश्यक थियो । तर, उपमहानगरपालिकाले त्यो गरेको छैन । विद्यालय व्यवस्थापन समितिलाई सौन्दर्य शिक्षाका लागि आवश्यक प्रयोगात्मक हल तयारीको जिम्मेवारी दिइसकेको नगरप्रमुख लामाले बताएकी छन् । सरकारले कक्षा ९ देखि १२ सम्म सौन्दर्य शिक्षालाई पाठ्यक्रममा समाबेश गरेर अध्यापन गराउने तयारी गरेअनुसार उपमहानगरले कार्यान्वयन गर्न थालेको बताइएको छ । आर्थिकरुपमा महिला सक्षम नहुँदा बिभिन्न समस्यामा पर्ने भएकाले उपमहानगरले रोजगारी श्रृजना गर्ने उद्देश्य अनुरुप सौन्दर्य शिक्षालाई अघि बढाएको नगरप्रमुख लामाले बताइन् । महिलालाई आर्थिकरुपमा सक्षम बनाउनका लागि उपमहानगरले काम गरिरहेको बताएको छ । उपहानगरको सहयोगमा तालिम लिएका नगरका बिभिन्न वडाका ५१ जना महिलाले अहिले ढाकाको कपडा बनाएर आर्यआर्जन गरिरहेको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत ८ गते बिहीबार २१ मार्च २०२४ । द्वादशी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:९, सूर्यास्त ६:१५ । अन्तर्राष्ट्रिय जातिय उत्पीडन विरुद्धको दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यवसायमा सफलता | तुला | : शत्रु नाश |
| वृष | : मान हानिले खिन्नता | वृश्चिक | : परिवारमा कलह |
| मिथुन | : धर्मकार्यमा खर्च | धनु | : रोग नाश |
| कर्कट | : न्यायिक कार्यमा सफलता | मकर | : अशुभ समाचार सुन्नुपर्ने |
| सिंह | : मान्यजनबाट विवाद | कुम्भ | : साझेदारी कार्यमा विवाद |
| कन्या | : अहमपनले कार्यमा हानि | मीन | : दैनिक आयमा कमी |

# रणनीतिक ओली, 'ट्याक्टिकल' प्रचण्ड



✍ महेश्वर दाहाल

जसरी माधवकुमार नेपालबारे केपी ओलीलाई राम्रो ज्ञान छ, त्यसरी नै डा. बाबुराम भट्टराईबारे पनि प्रचण्डलाई राम्रो ज्ञान छ । दबाबमा राख्छु वा उपयोग गर्छु भन्ने सोच्दासोच्दै माधवले एमालेबाट विद्रोह गर्नुभयो । फलत: ओलीको सत्ता नै खुस्कियो । आजको एमाले कमजोर हुनुको मूल कारण यही हो । तर त्यसको परिपूरण गर्न उहाँ माधव, झलनाथ र आफूसँग अलग भएकासँग क्रमश: नजिक बन्दै जानुभएको छ ।

जनताले स्थायित्वको आशाले हेर्दाहेर्दै नेकपाको फुट, ओलीको सत्ता आडम्बरी प्रवृत्तिमा बढोत्तरी र संविधानलाई कमजोर गर्ने कतिपय अभ्यास माधव नेपाल वा उहाँको समूह एमालेबाट अलग हुन देखिने कारण हुन् । तर, नदेखिएका नेतृत्व व्यवहार धेरै हुनसक्छन् ।

माओवादीबाट बाबुराम अलग हुनुमा यस्ता देखिने कारण नभए पनि नदेखिने कारण धेरै हुनसक्छन्, जसले बाबुराम जस्तो मालेमावादी बौद्धिक नेतालाई मार्क्सवाद नै परित्याग गर्ने घुम्तीमा पुऱ्यायो । व्यक्तिका विचार, प्रवृत्ति र कर्मको जिम्मेवार त व्यक्ति स्वयं नै हो, तर व्यक्तिलाई रूपान्तरण गर्ने आन्दोलनको नेतृत्वका रूपमा आफ्ना कमजोरीलाई प्रचण्डले ठन्डा दिमागले समीक्षा गर्न ढिला भइसकेको छ ।

शान्ति प्रक्रियापछि प्रचण्डले रणनीतिक भन्दा 'ट्याक्टिकल' नेताका रूपमा आफूलाई बढी उभ्याउनु, चिनाउनुभएको छ । त्यसैले कतिपयले उहाँलाई एक माघको जाडोको मात्रै चिन्ता गर्ने, अर्को माघबारे सोच्दै नसोच्ने नेताका रूपमा आलोचना गर्ने गरेका छन् । सबैभन्दा ठूलो पार्टीको नेतृत्व गरेको बेला होस् वा कमजोर तेस्रो पार्टीको नेतृत्व गरेको बेला होस्- उहाँका उतारचढावहरू गतिशील कम, अस्थिर धेरै लाग्दछन् ।

त्यसो त उहाँलाई चुनौती दिएर अलग भएकाहरू दृढ वा गतिशील छन् भनिएको होइन । तर उच्च अन्तरपार्टी जनवाद, काम र उद्देश्यमा भने एकता पैदा गर्न किन सकिराख्नु भएको छैन भन्ने प्रश्न टड्कारो छ ।

भर्खरै नेपाल समाजवादी पार्टीबाट अर्का अध्यक्ष एवम् सांसद महेन्द्र यादव, सहअध्यक्ष, महासचिव सहितको टोली अर्का अध्यक्ष बाबुरामलाई छाडेर माओवादी केन्द्रमा समेटिनुभएको छ । यसले माओवादी केन्द्रमा सकारात्मक प्रभाव त पारेकै छ, तर कम्युनिस्ट नाम राखेरै सिङ्गो पार्टी एकता गर्ने कुरामा बाबुराम सहमत भएको हल्ला चल्दाचल्दै उहाँ सहितको एकता कसको कारणले, किन सम्भव भएन ? के प्रचण्डले नै त्यो नचाहनुभएको हो ?

हिजो रामबहादुर थापा बादल पक्षसँग एकता हुँदा मोहन वैद्य किरण पक्षसँग किन त्यही स्तरको एकता प्रयास, हुटहुटी वा वार्ता हुन सकेन भन्ने प्रश्न पनि यसैसँग सम्बन्धित छ । किनभने किरण र बाबुराम आ-आफ्ना विचार-प्रवृत्तिका नेता हुन् । त्यसमध्ये बाबुरामले भने आफूलाई निकै हल्का बनाइसक्नुभएको छ ।

बाबुराम आफ्नै 'मुभ'का कारण यति हल्का हुनुभएको हो । प्रचण्डसँग बार्गेनिङ गर्ने र 'केही' दिएमा तत्काल सहमत भइहाल्ने उहाँको आजसम्मकै बानी हो । यतिबेलै पनि प्रचण्डले महत्वका साथ बोलाउनुभयो भने उहाँ लेखिहाल्नुहुन्छ- 'हामी दुई जनाबीच नयाँ ढंगले जाने बारेमा समीक्षा भयो ।' वैचारिक बहस गर्ने, पार्टीलाई विधिमा ढाल्ने र संस्थागत हुनेबारे बाबुराममा पनि कुनै रुचि देखिँदैन । उहाँको आजको कमजोर अवस्था 'दु:ख पाइस् मंगले आफ्नै ढंगले' भने जस्तै हो ।

तर फुटपछिका प्रचण्ड, बाबुराम र किरण तीनवटै प्रवृत्तिको परीक्षण भइसकेको छ । उहाँहरू एक्लाएक्लै कसैले पनि माओवादी पार्टी र आन्दोलनलाई पुनर्गठन गर्न अब सक्नुहुन्न । तर जनतामा फेरि स्थापित हुने तथा जनयुद्ध जसैगरी पुन: सर्वस्मरणीय योगदान दिने हो भने एकचरण उहाँहरूले पार्टी र देश निर्माणको संयुक्त रूपरेखा कोर्दै त्यसलगत्तै पार्टी हस्तान्तरण गर्न सक्नुपर्छ । किनकि बाबुरामले माओवादी आन्दोलन भन्दा टाढा बसेर नयाँ शक्ति निर्माण गर्ने जुन अभियान चलाउनुभयो, त्यो असफल भइसक्यो । किरणले क्रान्तिकारी आन्दोलनलाई पुनर्गठित गर्ने सांगठनिक जग नै बनाउन सक्नुभएन । प्रचण्ड नेतृत्वको पार्टी ३२ प्रतिशत लोकप्रिय मतबाट ११ प्रतिशतमा झरिसकेको छ ।

हिजो बलिदानीपूर्ण आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेका नेता समेत आज सुनदेखि नुनसम्मका विभिन्न काण्डमा मुछिएका छन् । केन्द्रदेखि प्रदेश र स्थानीय तहसम्मका नेता भ्रष्टाचार तथा व्यभिचारमा संलग्न भएको देखिंदा अरू पुराना पार्टीका नेता झैं कानै चिरेका जस्ता बनेका छन् ।यसलाई सच्याउन त्याग तथा बलिदानी इतिहास र समाजवादी यात्राको वैचारिकतालाई पुनर्ताजगी गर्नु जरूरी छ ।

हिजो जनयुद्ध र जनसंघर्षको नेतृत्व गर्नुभएका प्रचण्ड, किरण, बाबुराम, सीपी गजुरेल गौरव, नारायणकाजी श्रेष्ठ सहितका नेताहरू संरक्षक भएर अरूलाई पार्टी-राजनीति र राजकीय भूमिकामा सार्न सक्दा मात्रै पुनर्ताजगीको अर्थपूर्ण सन्देश सम्प्रेषित हुनेछ ।

पदाधिकारी, सांसद र मन्त्री भइराख्ने प्रक्रियालाई अब विधि नै बनाएर समाप्त पार्न सक्नुपर्छ । बादलको नाम भने यहाँ खट्किएको छ, उहाँ एमाले स्कुलिङमा पुगिसक्नुभएको छ । तर समाजवादको लक्ष्यलाई जनपक्षीय परिभाषा सहित साझा गन्तव्य किटान गर्न आपत्ति नहुने हो भने एमाले र सबै वामपन्थीबीच एकता एवम् सहकार्य अनिवार्य छ । त्यसको शर्त पनि पुराना नेताको संरक्षकत्व, तर नयाँ नेतृत्व सहितको गतिशील पार्टी नै हो ।

तत्काल चाहिं माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसँगको आम अपेक्षा के हो भने एक समय आफैंले नेतृत्व गर्नुभएका किरण-गौरव, बाबुराम, विप्लव, आहुति सहितका नेतालाई एउटै पार्टी भएर समाजवादी यात्रामा लैजान भूमिका खेल्नुहोस्, जसले माओवादी आन्दोलनको वैचारिक र सांगठनिक दुवै आधारलाई थप बलियो बनाउनेछ । सरकारमा बस्ने वा बाहिरिने खेल त सधैं भरहन्छ । तर आन्दोलनको आधार नै बलियो भएन भने सरकार एउटा अर्थहीन औपचारिकता मात्रै हो ।

यतिबेला एमाले र माओवादी धार दुवै संकटमा छन् । तर एमाले अध्यक्ष केपी ओलीले बरु छाती फराकिलो बनाएको संकेत देखिंदैछ, माओवादी धारभित्र भने पहिलाभन्दा अझ बढी संकीर्णता देखिंदैछ । एकप्रकारले सामन्तवादी संस्कृति जस्तो ।

संरक्षणवादी राजनीति र आलोचनात्मक भन्दा देवत्वकरण चेत मनपराएर त्यही अनुसार राजकीय एवम् संगठनात्मक भूमिका दिने प्रवृत्तिको प्रोत्साहन गरिंदैछ । त्यसैले एजेण्डा ठीक हुँदाहुँदै पनि संगठन खुम्चिएको छ, 'किन चाउरिस् मरीच, आफ्नै पिरोले' भने जस्तो ।

एजेन्डा त किताबको माछा जस्तै त हो, त्यसको कार्यान्वयन खोलाको माछा समात्नु हो । संघीय लोकतान्त्रिक परिवर्तनपछि पनि सामाजिक असमानता र गरिबीको उस्तै परिवेशले मानिसमा निराशा र आक्रोश छ । परम्परागत पार्टी, जनसंगठन र समग्र क्रान्तिकारी आन्दोलनको विरासत बोकेका प्रति पनि चरम अविश्वास देखिएको छ । त्यसैले नेपाली समाज तीव्र ध्रुवीकरणमा छ । गहिरो राजनीतिक संकटमा छ ।

तर यस संकटलाई वर्ग चेतनातिर तथा समाजवादी राजनीतिक दिशातिर मोडेर जान सकिएन भने मुलुक दुर्घटनामा पर्नेछ । सामाजिक यथार्थता र बहसबाट भागेर, पुराना किताब वा संघर्षको अनुभव भट्याएर अब अगाडि बढ्नै सकिंदैन । विशेषगरी माओवादीहरूले विगत कमजोरीप्रति घोत्लिएर भुइँमान्छेका पीडा र आन्दोलनमा सहभागी भए मात्र जनताबीच नयाँ विश्वासको वातावरण बनाउन सकिन्छ ।

विकसित राजनीतिक परिवेशमा टेकेर जति सकिन्छ छिटै वामपन्थीहरू बीच रणनीति र कार्यनीतिको बहस चलाउनु आजको अर्को प्राथमिकता हो । समाजलाई अग्रगामी दिशामा लैजान र उत्पीडितको आन्दोलनलाई निष्कर्षमा पुऱ्याउनका लागि तत्कालै चाहिं एउटा विश्वासिलो र लचिलो मोर्चा बनाएर जान सक्नुपर्छ । *(साभार: अनलाइनखबर)*

# अब त अति भो ! इनफ इज इनफ



✍डा. टीकाराम पोखरेल

> सत्ता कति निर्लज्ज हुन्छ भन्ने कुरा प्रचण्डसँगै लागेर केपी ओली माधव नेपालको घर पुगेको दृश्यलाई लिन सकिन्छ । कुनै दिन माधव नेपालको नाम लिंदा पनि मुख कुल्ला गर्नुपर्छ भन्ने ओली आज गठबन्धनलाई समर्थन जुटाउनका लागि तिनै माधव नेपालका घरमा पुगेका छन् । ओलीको माधव नेपाललाई सरकारमा सहभागी गराउने र देउवालाई रोक्ने दौडधुपको रोचकता देख्दा नैतिकता कति लजाउँदो होला ?

काठमाडौं/सरकारमा गठबन्धन परिवर्तनसँगै धरानका मेयर हर्क साङपाङले टुइट गरे- ''.रास्वपाको कुनै भिजन छैन, सिर्फ मिसन छ, त्यो हो सरकारमा जाने ।' एकातिर काम गर्ने फरक शैली र अर्कोतिर विवादास्पद अभिव्यक्तिका कारण बेलाबेलामा चर्चामा आइरहने हर्क साङपाङले चलाउने गरेको भनिएको फेसबुक एकाउन्ट 'हर्क सासाङपाङ ए रेभुलेसन' मा पनि उनको सरकारप्रतिको अभिव्यक्ति सकारात्मक देखिएन । उनले भने- 'सरकार परिवर्तन तातो न छारो ।'

हर्कको अभिव्यक्ति एउटा प्रतिनिधि अभिव्यक्ति मात्र हो । सामाजिक सञ्जाल र मिडियाहरुमा सरकारप्रतिका आमसर्वसाधारणका धारणाहरु त्यति सकारात्मक देखिँदैनन् । गठबन्धनबाट बाहिरिएको कांग्रेसका नेताका अभिव्यक्ति सामान्यतया कांग्रेसलाई सच्चिने मौकाको रुपमा आएका देखिन्छन् । भलै ती सत्ताभिमुख हुँदा मुटुमाथि ढुंगा राखी हाँस्नुपरेका अभिव्यक्ति नै किन नहोऊन् । उता गठबन्धनमा भित्रिएको एमालेलगायतका दलहरुका नेता र समर्थकमा भने विजयको भाव देखिन्छ, भलै ती विजयका भावभित्र पनि यो खुशी पानीको फोकाजस्तो हुने त होइन भन्ने भाव नलुकेका हुन् ।

विजयको उन्मादमा कतिपय नेताले त आफ्नो धोती खुस्किएको समेत थाहा पाएनन् । नयाँ पुस्ताले आशा गरेका डा. स्वर्णिम वाग्लेले भने- '' गृह त हाम्रो बटम लाइन नै हो, यत्रो मूल्य चुकाएर पुराना पार्टीमा जानु छ, गृह नै पाइएन भने त औचित्य नै हुँदैन ।' वाग्लेको यो अभिव्यक्ति आफूलाई सत्ताको लोभी हुन भनी देखाउने सत्तालोभीहरुको धोती खुस्किएको उदाहरण हो । उनको यो अभिव्यक्तिले सत्ताका लागि रास्वपा जे पनि गर्छ भन्ने हर्कको भनाइलाई बल नै पुगेको देखिन्छ ।

नयाँ गठबन्धन बन्नु दुई दिन अगाडिसम्म कांग्रेस-माओवादी गठबन्धन टुट्दैन, हुँदैन भन्ने शेरबहादुर देउवा अहिले प्रचण्डको कटु आलोचनामा उत्रेका छन् । प्रचण्डका कटु आलोचक ओलीचाहिँ प्रचण्डको बचाउमा उत्रेका छन् । हिजो देउवा गठबन्धनको बचाउमा व्यस्त थिए, ओली फुर्सदिला देखिन्थे । आज ओली व्यस्त भएका छन्, देउवा फुर्सदिला देखिन्छन् । नेपालको राजनीतिमा कहिले कसको त कहिले कसको जीवनमा दिनरातको यो लुकामारी चली नै रहेको छ र चलिरहनेछ ।

दलका केही ठूला नेताहरुले सांसदलाई प्रयोगको औजार बनाएका छन् । पूर्वप्रधानमन्त्री भट्टराईको सामाजिक सञ्जालमा व्यक्त विचार सापट लिने हो भने गठबन्धन 'केही निरीह सांसदको पोको बोकेर एउटासँग गठबन्धन गर्दा संविधान र लोकतन्त्रको रक्षा निम्ति भन्ने अनि केही महिनाभित्र अर्कोसँग घाँटी जोड्दा वामपन्थी र कम्युनिस्ट एकता निम्ति ठूलो उथलपुथल भन्ने र बिचरा सोझा कार्यकर्ताले किंकर्तव्यविमुढ बनेर मन लागी नलागी ताली ठोक्ने यो दृश्य प्रसिद्ध उपन्यास 'एनिमल फार्म' को नयाँ संस्करण हो । भट्राईले थपेका छन्- ''अलिकति पनि अग्रगामी चेत र राजनीतिक मूल्य मान्यता बाँकी रहेकाहरूले भन्नै पर्छ- 'अब अति भो ! इनफ इज इनफ ।'

त्यसो त सत्तामा आफू रहेसम्म सत्ताको बचाउ गर्नु र सत्ताबाहिर निस्केपछि त्यही सत्तालाई गाली गर्नु नौलो कुरा रहेन । कांग्रेस नेता शेखर कोइराला ट्वीटमा भन्छन्- ''राजनीतिमा गठबन्धन बन्नु, तोडिनु, फेरि बन्नु सामान्य हो । तर हिजोको घटना सामान्य होइन । कमजोर, अस्थिर र सत्ताको लागि जे पनि गर्न तयार पार्टीसँगको गठबन्धन आज नेपाली कांग्रेसलाई महँगो साबित भयो । यस घटनामा कतै हाम्रा व्यक्तिगत हठ पनि केही हदसम्म जिम्मेवार भए कि ? भविष्यको लागि सजग बनौं ।'

कोइरालाले यसो भनिरहँदा गठबन्धन भत्काउन कोशी प्रदेशको सरकार निर्माण र राष्ट्रिय सभाको निर्वाचनमा दुई-दुईपटक कांग्रेसको गतिविधिले माओवादीलाई घाटा पुऱ्याएको हेक्का राख्नै पर्छ । पहिलो गठनबन्धन नगर्नु नै राम्रो । गरेपछि त पालना त गर्नै पर्ने हो । कोशीमा त्यो पालना भएन । गठबन्धन टुट्नलाई मलजल भयो । कोइरालाको जस्तै कांग्रेसका अरु नेताले पनि गठबन्धन टुटेकोप्रति कांग्रेसले अब सचिने मौकाको रुपमा लिनुपर्नेतर्फ इंगित गरेका छन् । नेपाली कांग्रेसका पुराना नेता लक्ष्मणप्रसाद घिमिरेले गठबन्धन तोडिएको घटनामाथि 'आजदेखि प्रचण्डलाई बोकेर प्रचण्डपथमा हिँडिरहेको नेपाली कांग्रेसले मुक्ति पाएको हुँदा अब हिम्मतका साथ कांग्रेस बीपीपथमा हिँडोस् भन्ने धारणा राखेका छन् । युवा नेता प्रदीप पौडेलले भने प्रचण्डले अस्थिरताको नेतृत्व गरेको भनेका छन् । नेता मीनेन्द्र रिजालले प्रचण्डको मायावी बन्धनबाट कांग्रेसले मुक्ति पाएको र समान प्रतिस्पर्धी मैदानमा एमालेसँग सहकार्यको बाटो खुलेको प्रतिक्रिया दिएका छन् ।

नेपाली कांग्रेसका नेताका यी केही प्रतिनिधि अभिव्यक्ति हेर्दा कांग्रेसको एक तप्का गठबन्धन टुट्नुबाट त्यति बेखुशी भएको देखिँदैन । भलै लाभको पदमा रहेकाहरुको सपनामा भने तुसारापात भएको हुन सक्छ । वर्ष पनि नपुग्दै मन्त्री पदबाट विमुख हुँदा दु:ख लाग्नु मानवीय स्वभावको हिसाबले नौलो कुरा पनि होइन ।

नयाँ गठबन्धन बनेसँगै यसका सूत्राधार प्रधानमन्त्री प्रचण्डको अभिव्यक्ति निकै आक्रामक रह्यो । उनको आक्रोश कांग्रेस-एमाले दुवैप्रति लक्षित हुन सक्छ । उनले गठबन्धन बन्नासाथ भने- '.प्रतिक्रियावादीले उपभोग गर्न खोजे लात्ताले हानेर निस्कन्छु ।' नेपालको राजनीतिमा कस-कसले कसलाई उपभोग गऱ्यो ? एमाले र कांग्रेसलाई प्रचण्डले उपभोग गरे कि प्रचण्डलाई एमाले र कांग्रेसले उपभोग गरे भन्ने कुराको बुझाइ आ-आफ्नै हुन सक्छन् । तर सबै दलले कुनै न कुनै रुपमा अर्को दललाई उपभोग गर्न खोज्दा आफूलाई अरुले उपभोग गरेको भने पत्तो पाउनै सकेका छैनन् । जे होस्, उपभोगको वर्तमान राजनीति सत्ताकै मियोमा बेलाबेला उथलपुथल भइरहन्छ । त्यो कुरा त स्वयम् प्रधानमन्त्रीले नै सहर्ष घोषणा गरेका छन्- '' म नमरुन्जेल उथलपुथल भैरहन्छ ।'

बामदेव गौतमले नयाँ गठबन्धनलाई समर्थन गर्दै नेकपा विभाजनको महाभूलको स्मरण गराएका छन् । उनको आशय भूल सुधार भयो भन्ने हुन सक्छ । झलनाथ खनाल शृहत् वामपन्थी एकताका लागि एमाले र माओवादीले फदय ठूलो बनाउनुपर्ने भन्दै नयाँ गठबन्धनप्रति सकारात्मक प्रतिक्रिया दिएका छन् । तर निकै हतारमा बनेको यो गठबन्धन पक्षधर नेताहरुले जतिसुकै बचाउ गरे पनि गठबन्धनको धरातल निकै कमजोर छ । नेकपा एमालेका लागि यो गठबन्धन भत्काउन सक्नु नै ठूलो उपलब्धि हो भने भिन्नै कुरा हो । अन्यथा झीनो बहुमत त्यसमा पनि साना दलहरुसँग भर पर्नुपर्ने अवस्थाले अस्थिरतालाई निम्त्याइरहेको छ । निवर्तमान मन्त्री शरदसिंह भण्डारीको प्रतिक्रियाले त्यसतर्फ संकेत गरेको छ- 'यो गठबन्धनको पनि भर छैन ।'

हुन पनि हो, सरकार आलोपालो हो कि बाँकी चार वर्ष प्रचण्डको एकलौटी हो ? यसमा पनि गठबन्धन सहमतिपत्रमा स्पष्ट छैन । अहिले नै पनि गठबन्धन दलका नेताहरुको अभिव्यक्तिमा विरोधाभाष देखिन्छ । माओवादी नेता वर्षमान पुनले 'प्रचण्ड वा ओलीलाई आलोपालो लगाएर छुट दिने अवस्था छैन' भन्दै चार वर्ष नै प्रचण्ड सरकार रहनुपर्ने आशय व्यक्त गरिसकेका छन् । तर एमाले महासचिव शंकर पोखरेल भन्छन् ''प्रधानमन्त्रीमा आलोपालो सहमति भएको छ ।' यसले फेरि पनि आलोपालोमा समस्या आउने सम्भावना छ । गठबन्धन परिवर्तनसँगै आठबुँदे सहमति भयो । आठ बुँदामा सरकारको नृतृत्व प्रचण्डले गर्ने भनिए पनि कति अवधि भनी तोकिएन । यो आलोपालो नै समस्या बनेर नबल्झेला भन्ने छैन ।

नैतिकता मात्र किन, यता एकजना प्रधानमन्त्रीको निर्णयले सारा प्रदेश सरकार परिवर्तन हुने स्थितिले संघीयताले पनि हावा खाएको भन्न मिल्दैन र ? भनियो संघीयता, तर व्यवहारमा केन्द्रीयता । केन्द्रमा सरकार परिवर्तनसँगै प्रदेश सरकारहरु ढल्ने र नयाँ बन्ने भएपछि ती सरकार प्रदेश सरकार भएनन् । संघीय सरकारकै अंग रहेछन् । तीन तहका सरकार आफैंमा स्वतन्त्र छन् भने पनि दलहरु संघ र प्रदेश सरकारको प्याकेजमै सहमतिको अभ्यास विगतदेखि नै गर्दै आएका छन् ।

माओवादी नेता वर्षमान पुनले राजनीतिक स्थिरताको लागि नयाँ गठबन्धन भने पनि यसलाई झनै अस्थिरतालाई निम्तो दिएको छ । पूर्वप्रधानमन्धी डा. बाबुराम भट्टराईले भने झैं '.पटक-पटक मञ्चन हुने यस्ता फोहोरी खेलले भर्खर जरा गाड्दै गरेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई झन् कमजोर पार्ने, जनता र नयाँ युवापुस्तामा वितृष्णा बढाउनेछ ।

आज गठबन्धनमा देखिएको उतार चढाव दलहरुको लागि ठूलो उत्सव होला, तर जनताका लागि कागलाई बेल पाक्यो हर्ष न बिस्मात् ! जनताको लागि निराशासिवाय केही छैन । जनतालाई निराशा कति बाँड्ने ? अब त अति भो ! इनफ इज इनफ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# मधेशमा सचिव कृष्णहरि पुष्करदेखि मुख्यमन्त्रीसम्मले बुझे सुराकी खर्च

काठमाडौं/मधेश प्रदेशको गृह, सञ्चार तथा कानून मन्त्रालयले सुराकीको नाममा मनोमानी ढंगले रकम खर्च गरेको पाइएको छ । गृह मन्त्रालयले विगत पाँच वर्षदेखि अहिलेसम्म निरन्तर सुराकीको नाममा रकम बुझ्दै र बाँड्दै गरेको खुलेको हो ।

प्रहरी समेत अहिलेसम्म समायोजन नभएको अवस्थामा मधेश प्रदेशको गृहका मन्त्री, गृह राज्य मन्त्री र सचिवले भने सुरक्षा र सुराकी खर्चको नाममा रकम बुझ्दै आएका छन् । अहिलेसम्म प्रहरी समायोजन नभएकाले प्रदेशहरु आफ्नो अड्डनखटनमा प्रहरी चलाउन सक्ने अवस्था छैन ।

प्रहरी समायोजन नभएकाले जवानका समेत आफ्नो खटनपटनमा चल्न सक्ने अवस्था नरहँदा समेत मधेश प्रदेशको गृह मन्त्रालयले भने मनोमानी रुपमा सुरक्षा र सुराकीको नाममा रकम बुझ्दै आएको विवरण संचारकर्मीले प्राप्त गरेको छ ।

अवैध रुपमा मधेश प्रदेशको गृह मन्त्रालयले सुराकीको नाममा रकम निकासा गर्दै मन्त्री र सचिवलाई बाँडेको सूचना अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पुगेपछि आयोगले समेत अहिले छानबिन सुरु गरेको छ ।


अख्तियारले मधेश प्रदेशले अहिलेसम्म सुराकीको नाममा गरेको खर्च विवरण माग गर्दै पत्राचार गरेको थियो । अख्तियारको पत्राचार पछि मधेश प्रदेशको गृह मन्त्रालयले सुराकी वापत गरिएको खर्चको विवरण समेत अख्तियारलाई पठाएको छ ।

अख्तियार स्रोतका अनुसार सातै प्रदेशमा भएका सुराकीको खर्च विवरण पठाउन भन्दै सातै प्रदेशका गृह मन्त्रालयमा पत्राचार गरिएको थियो । तर बाँकी ६ प्रदेशले भने सुराकी वापतको खर्च अहिलेसम्म नगरेको जवाफ अखितयारलाई पठाएका थिए ।

यता मधेश प्रदेशले भने मनोमानी रुपमा गरेको सुराकी खर्चबारे अनुसन्धान गरिरहेको अखितयारले यसबारे औपचारिक रुपमा केही बोलेको छैन । संचारकर्मीले मधेश प्रदेशको गृह मन्त्रालयले गरेको सुराकी खर्चबारे जिज्ञासा राख्दा अखितयारका प्रवक्ता नरहरि घिमिरेले अनुसन्धानबारे विस्तृत खुलाउन अस्वीकार गरे । 'अनुसन्धान भइरहेको होला । अहिले यसबारेमा औपचारिक रुपमा केही बोल्न मिल्दैन' घिमिरेले संचारकर्मीसँग भने ।

सुराकी खर्चको नाममा मनोमानी रुपमा रकम बुझ्नेहरुमा गृहका सचिवदेखि राज्य मन्त्री र मन्त्रीहरु छन् । अहिलेसम्म सुराकीको नाममा १ करोड ४२ लाख ८९ हजार ६ सय ६६ रुपैयाँ खर्च भइसकेको छ ।

प्रहरी समायोजन समेन नभएको अवस्थामा प्रदेशले सुराकी खर्च गर्नु अनियमितता भएको पूर्व गृहसचिव गोविन्द कुसुमको बुझाइ छ । 'प्रदेशकै सुरक्षाका लागि केन्द्र सरकारसँग प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, नेपाली सेना छन् । उनीहरुले सबै सुरक्षाको काम गरिरहेका छन् । जबकि कुनै पनि सुरक्षा संयन्त्र अहिले नै चलाउन सक्ने अवस्थामा नरहेको प्रदेशले सुराकीको नाममा खर्च गर्नु अनियमितताको गन्ध हो' पूर्व गृहसचिव कुसुमले संचारकर्मीसँग भने ।




### कसले कति बुझे सुराकी वापतको रकम ?

अहिलेसम्म १ करोड ४२ लाख ८९ हजार ६ सय ६६ रुपैयाँ सुराकी वापतको खर्च भनेर मधेश प्रदेशको गृह सञ्चार तथा कानून मन्त्रालयका मन्त्री, राज्यमन्त्री र सचिवले बुझेका छन् ।

रकम बुझ्नेहरुमा ५ मन्त्रीहरु, ३ राज्य मन्त्री र ९ सचिव छन् । उनीहरुले आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०८०/८१ सम्म निरन्तर सुराकी वापतको खर्च बुझ्दै आएको विवरण संचारकर्मीले प्राप्त गरेको छ ।

तत्कालीन समयका गृहमन्त्री ज्ञानेन्द्रकुमार यादवले आर्थिक वर्ष २०७५/७६ देखि २०७७/७८ सम्म १८ लाख रुपैयाँका दरले ५४ लाख रुपैयाँ बुझेको पाइएको छ । अर्का मन्त्री भरतप्रसाद साहले आर्थिक वर्ष २०७८/७९ मा १८ लाख र २०७९/८० मा ८ लाख ७० हजार रुपैयाँ गरेर २६ लाख ७० हजार रुपैयाँ बुझेका छन् ।

मन्त्री सत्रुधनप्रसाद सिंहले २०७९/८० मा ३ लाख रुपैयाँ बुझेको तथ्यांक भेटिएको छ । हालका मुख्यमन्त्री सराजेकुमार यादवले पनि आर्थिक वर्ष २०७९/८० मा ३ लाख रुपैयाँ सुराकी वापत बुझेको छन् । मुख्यमन्त्री रहेकै बेला छोटो समय गृह मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका बेला उनले रकम बुझेका थिए ।

तर यादव पनि रकम बुझेको बारे आफू अनविज्ञ रहेको बताउँछन् । अन्य मन्त्रीहरु नियुक्त नहुँदा गृह मन्त्रीको पनि जिम्मेवारी त सम्हालेको हो । तर सुराकीको नाममा रकम नै बुझेको बारे चाहिँ मलाई याद भएन' हालका मुख्यमन्त्री यादवले संचारकर्मीसँग भने ।

पछिल्लो पटक सुराकी वापतको रकम बुझ्नेमा गृहमन्त्री मो. समिम छन् । उनले आर्थिक वर्ष २०८०/८१ मा १ लाख २७ हजार ५ सय रुपैयाँ बुझेको गृहकै रिपोर्टमा उल्लेख छ । जबकि आर्थिक वर्ष २०८०/८१ सुरु हुनुभन्दा पहिला नै संघीय सरकार ले समेत सुराकी वापतको भत्ता काटिसकेको थियो ।

तर रकम बुझेको बारे उनले सिधै नकारे । 'मैले अहिलेसम्म सुराकीको नाममा रकम लिएको छैन । कसले कहाँ मेरो नाम हाल्यो मलाई थाहा छैन,' समिमले दाबी गरे । समिमलाई सोमबार पदमुक्त गर्दै मुख्यमन्त्री आफैले जिम्मेवारी सम्हालेका छन् ।

रकम बुझ्ने ती ३ राज्यमन्त्रीहरुमा सरोजकुमार सिंह, रुबीकुमारी कर्ण र केशव राम छन् । सरोजकुमारले आर्थिक वर्ष २०७७/७८ मा ३ लाख रुपैयाँ बुझेका थिए ।

अर्का राज्यमन्त्री रुबी कुमारीले आर्थिक वर्ष २०७८/७९ मा १२ लाख र आर्थिक वर्ष २०७९/८० मा ५ लाख ८६ हजार ६ सय ६६ रुपैयाँ गरेर १७ लाख ८६ हजार ६ सय ६६ रुपैयाँ सुराकी खर्च वापत बुझेकी थिइन् । आर्थिक वर्ष २०७९/८० मा अर्का राज्यमन्त्री केशव रायले २ लाख ३ हजार बुझेका थिए ।

त्यसैगरी सुराकी खर्च बुझ्ने ९ सचिवहरुमा जगदिश रेग्मी, निमित्त सचिव अर्जुनकुमार शर्मा, निमित्त सचिव अरुणकुमार झा, कृष्णहरि पुष्कर, वीरेन्द्रकुमार यादव, रामकुमार महतो, निमित्त प्रदेश सचिव देकुमार झा, उमेश ढकाल र अर्का निमित्त सचिव उत्तमप्रसाद खरेल छन् ।

सचिव जगदीश रेग्मीले आर्थिक वर्ष २०७५/७६ मा ४ लाख २० हजार ७१५ रुपैयाँ बुझेका थिए । आर्थिक वर्ष २०७५/७६ मै अर्जुनकुमारले २ लाख ९ हजार २ सय ८५ र सोही आर्थिक वर्षमा अरुणकुमारले १ लाख ५० हजार रुपैयाँ बुझेको पाइएको छ ।

अर्का सचिव कृष्णहरि पुष्करले आर्थिक वर्ष २०७६/७७ मा ५ लाख ५० हजार र आर्थिक वर्ष २०७७/७८ मा ७० हजार रुपैयाँ गरी ६ लाख २० हजार रुपैयाँ बुझेको खुलेको छ । पुष्कर अहिले अर्थ मन्त्रालयको सचिवको रुपमा कार्यरत छन् । हाल अमेरिका रहेका उनीसँग सम्पर्क हुन सकेन ।

सचिव वीरेन्द्रकुमार यादवले आर्थिक वर्ष २०७७/७८ मा ५ लाख र आर्थिक वर्ष २०७८/७९ मा १ लाख रुपैयाँ गरी ६ लाख रुपैयाँ बुझेका थिए ।

त्यसैगरी अर्का सचिव रामकुमार महतोले आर्थिक वर्ष २०७८/७९ मा ४ लाख र आर्थिक वर्ष २०७९/८० मा ७ लाख ५० हजार रुपैयाँ गरी ११ लाख ५० हजार रुपैयाँ बुझेको गृह मन्त्रालयमो तथ्यांकमा उल्लेख छ ।

निमित्त सचिव देवकुमार झाले आर्थिक वर्ष २०७९/८० मा सुराकी खर्च वापत ९० हजार रुपैयाँ बुझेका थिए । अर्का सचिव उमेशकुमार ढकालले आर्थिक वर्ष २०७९/८० मा १ लाख रुपैयाँ सुराकी खर्च वापत लगेका थिए ।

अहिले गृह मन्त्रालयको निमित्त सचिवको रुपमा उत्तमप्रसाद खरेल कार्यरत छन् । खरेलले समेत सुराकी वापतको खर्च बुझेको गृह मन्त्रालयको रेकर्डमा उल्लेख छ । आर्थिक वर्ष २०८०/८१ मा खरेलले ४२ हजार ५ सय रुपैयाँ बुझेका छन् । मधेश प्रदेश (मन्त्रिपरिषद्)को २०७५ जेठ १० र २०७७ चैत २४ को निर्णयबाट सुराकी वापतको रकम निकास भएको पाइएको छ ।

उक्त मितिमा गृह तथा सञ्चार मन्त्रालय (हाल गृह सञ्चार तथा कानून मन्त्रालय)का मन्त्री तथा सचिवलाई भैपरी आउने शान्ति सुरक्षा खर्चबापत मन्त्रीलाई प्रतिपटक ३० हजार रुपैयाँका दरले मासिक ५ पटकसम्म १ लाख ५० हजार रुपैयाँ खर्च गर्न पाउने उल्लेख गरिएको छ ।

राज्यमन्त्रीलाई मासिक १ लाख तथा सचिवलाई एक पटकमा १० हजार रुपैयाँका दरले मासिक ५ पटकसम्म ५० हजार खर्च गर्न पाउने निर्णय मन्त्रीपरिषद्ले गरेको थियो । प्रदेश गृहमन्त्री, राज्यमन्त्री र सचिव तीनै जनाले प्रति महिना बढीमा ३ लाख रुपैयाँ नबढ्ने गरी खर्च गर्न पाउने निर्णय गराएर सुराकीको नाममा रकम बुझ्ने गरेको पाइएको छ ।

आर्थिक वर्ष २०७५/७६ देखि मधेश प्रदेशमा सुराकीको नाममा गृहमन्त्री, गृह राज्यमन्त्री र सचिवले रकम बुझ्दै आएका छन् ।

### महालेखाले भन्यो : सुराकी खर्चको औचित्य छैन

महालेखाको ६० औं वार्षिक प्रतिवेदन २०७९ मा मधेश प्रदेशले मनोमानी रुपमा सुराकी वापत खर्च गरेको उल्लेख गरिएको छ । मधेश प्रदेश अन्तर्गको गृह मन्त्रालयले सुराकीको नाममा रकम बुझ्दै आएकोले यस प्रकारको खर्चको औचित्य नभएको भन्दै प्रश्न समेत उठाएको छ ।

मन्त्रीपरिषद्बाट निर्णय गराएर बिना औचित्य सुराकीको नाममा खर्च गरेको भन्दै त्यसको औचित्य नभएको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

'मन्त्री, राज्यमन्त्रीलाई ३० लाख र सचिवलाई ६ लाख गरी ३६ लाख रुपैयाँ बिल भपाई बिना खर्च लगेको पाइएको छ । अन्य प्रदेशमा यस्तो खर्च गरेको नपाइएको हुँदा यसलाई औचित्यपूर्ण मान्न सकिएन' महालेखाको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

### केन्द्रले सुराकी खर्च काट्दा मधेशले अझै बुझ्दैछ रकम

माओवादी केन्द्रका बरिष्ठ उपाध्क्ष नारायणकाजी श्रेष्ठ गृहमन्त्री भएपछि उनले आफ्नो पहिलो निर्णय नै सुराकी वापतको खर्च कटौती गरेका थिए । कार्यभार सम्हालेपछि श्रेष्ठले मन्त्री र सचिवले लिँदै आएको सुराकी खर्च कटौती गर्ने बताएका थिए । श्रेष्ठले नै लगेको प्रस्तावलाई मन्त्रीपरिषद्ले स्वीकृत गर्दै २० चैत २०७९ मा सुराकी वापतको खर्च कटौती गरेको थियो । गृहमन्त्री र गृह सचिवले हिसावकिताव देखाउन नपर्ने गरेर जासुसी परिचालनका लागि खर्च गर्ने कार्यविधि खारेज भएको थियो ।

संघीय सरकारका गृहमन्त्रीले दैनिक ५० हजार र सचिवले २० हजार रुपैयाँका दरले सुराकीको नाममा रकम खर्च गर्दै आएका थिए । २०५० सालदेखि तजबिजको दुरुपयोग गर्दै मनपरी सुराकीको नाममा खर्च भएको पाइएपछि सुराकीको खर्च खारेज भएको थियो ।

संघीय सरकारले सुराकी खर्च खारेज गरे पनि मधेश प्रदेशको गृह मन्त्रालयले भने अहिले पनि र कम बुझ्दै आएको छ । जबकी सुराकीको नाममा अन्य ६ प्रदेशका मन्त्रालयले अहिलेसम्म १ रुपैयाँ पनि नबुझेको महालेखाको रिपोर्टमा समेत उल्लेख छ ।

'अहिले पनि आन्तरिक तथा बाह्य सबै सुरक्षाको जिम्मा संघीय सरकारकै हातमा छ । यस्तो अवस्थामा प्रदेशले सुराकीको नाममा खर्च गर्नु हतारको निर्णय हो' पूर्वगृह सचिव कुसुम भन्छन्, ' अर्को तर्फ संघीय सरकारले समेत सुराकीको खर्च चाहिँदैन भनेर कटौती गरिरहेको बेला प्रदेशले त्यसलाई निरन्तरता दिनु औचित्यबिहिन छ ।'

सुराकी खर्चलाई निरन्तरता दिइरहेका र आफैंले समेत गृहमन्त्री भएका बखत रकम बुझेका हालका मुख्यमन्त्री यादव भने अझै यसबारे आफू अनविज्ञ भएको बताउँछन् । 'सुराकी खर्च मैले नोटिस नगरेको विषय भयो यो । यदि त्यस्तो रैछ भने म एक्सन लिन्छु,' यादवले भने । *(स्रोत:अनलाइखबर)*

# '१२ गाउँ'मा विराजले भित्राए तमिल फिल्मका द्वन्द्व निर्देशक

काठमाडौं/अभिनेता विराज भट्ट यतिबेला आफ्नो आगामी फिल्म '१२ गाउँ'को तयारीमा छन् । फिल्मलाई उनी आफैंले निर्देशन गर्दैछन् । ठूलो 'स्केल'मा निर्माण हुन लागेको फिल्ममा उनले एक्सनलाई विशेष प्राथमिकता दिँदैछन् । यसैले उनले द्वन्द्व निर्देशक समेत भारतबाट झिकाएका छन् । कयौंन् तमिल फिल्ममा द्वन्द्व निर्देशक भएर काम गरेका स्टन्ट सिल्भालाई विराजले फिल्ममा अनुबन्ध गरेका हुन् ।



सिल्भा केही दिनदेखि काठमाडौंमा छन् । उनलाई काठमाडौं घुमाएको तस्वीरहरु सेअर गर्दै विराज लेख्छन्, 'सिल्भा गुरु, नेपालमा स्वागत छ । तपाईंसँग काम गर्न पाउनु सम्मानको कुरा हो ।' सिल्भाले रजनीकान्तदेखि विजयसम्मका फिल्ममा द्वन्द्व निर्देशन गरेका छन् । खासमा उनको चिनारी स्टन्ट निर्देशकको रुपमा छ । सन् २०११ यता भने उनी द्वन्द्व निर्देशनमा बढी सक्रिय देखिएका छन् ।

सिल्भा कलाकार समेत हुन् । 'बाहुबली'का निर्देशक एस.एस राजामौलीको फिल्म 'छत्रपथी' (२००५)मा उनी नकारात्मक भूमिकामा देखिएका थिए । उनले 'यमदोंगा', 'केडी, 'पञ्चाक्षरी', 'मार्गाजी १६', 'वेलायुधम', 'मारी २', 'करुंगापियम' जस्ता तमिल फिल्ममा पनि अभिनय गरेका छन् । उनीसँग विराजले दुई हप्ताअघि चेन्नईमा भेट गर्दै '१२ गाउँ'का लागि द्वन्द्व निर्देशकको प्रस्ताव राखेका थिए ।

फिल्ममा विराज स्वयंको मुख्य भूमिका रहनेछ भने उनका छोरा (समीर भट्ट)ले डेब्यू गर्दैछन् । पूर्वमिस नेपाल इन्टरनेशनल न्यान्सी खड्काले पनि यही फिल्मबाट डेब्यू गर्दैछिन् । फिल्मको मुख्य भिलेनमा भने कनिज कोइरालाले अभिनय गर्दैछन् । उनले यसअघि दक्षिण भारतीय फिल्म 'साहो' र 'गोडाचरी'मा भिलेन भएर काम गरेका छन् । फिल्मको छायांकन आगामी बैशाखबाट सुरु हुँदैछ ।

# 'महाजात्रा'को चरित्र गर्न गाह्रो भयो : हरिवंश आचार्य

काठमाडौं/अभिनयमा पारंगत मानिएका अभिनेता हरिवंश आचार्यले आफ्नो ५० वर्ष लामो करिअरमा विभिन्न चरित्र निर्वाह गरेका छन् । चाहे सकारात्मक होस् वा नकारात्मक, उनले निभाउने चरित्रमा समाज र देशको छायाँ भेटिन्छ । गत वर्ष फिल्म 'महापुरुष'मा आदर्श पात्र भएर काम गरेका उनी यही चैत ९ गतेदेखि प्रदर्शनमा आउन लागेको नयाँ फिल्म 'महाजात्रा'मा भ्रष्ट नेताको भूमिकामा छन् ।



यो चरित्रमा काम गर्न गाह्रो भएको उनको अनुभव छ । सोमबार पत्रकारसँगको भेटघाटमा आचार्यले भने- 'अभिनय भनेको सजिलो हुँदैन । हेर्दाखेरि बोल्दिने त हो भन्ने लाग्छ । तर, निकै गाह्रो हुन्छ । मलाई 'महाजात्रा'को चरित्र गर्न पनि गाह्रो भयो तर टिमले गर्दा सहज भयो ।' यो भूमिका गर्दा आफूलाई स्वाद लागेको उनको भनाई छ । उनलाई नकारात्मक भूमिका अरु पनि गर्ने चाहना छ ।

'नकारात्मक भूमिका अरु आयो भने पनि म गर्छु । नयाँ काम गर्नसाथ मलाई यस्तो गर्न पाए हुन्थ्यो भन्ने जहिल्यै लाग्छ । अझ यस्तो पनि गर्न पाए हुन्थ्यो भन्ने लागिरहन्छ । मान्छेमा यो चाहना हुनैपर्छ । नभए त 'च्याप्टर क्लोज' हुन्छ । मैले अपेक्षा नै नगरेका रोलहरु गर्न पाइरहेको छु,' उनले भने । 'महाजात्रा'को चरित्रलाई लिएर उनले केही कन्सेप्ट पनि बनाएका रहेछन् । यद्यपि, त्यो लागू भएन ।

'मैले कतिवटा चीज यसरी 'एडप्ट' गरौं भनेर कन्सेप्ट बनाएको थिएँ । अनि मैले निर्देशकलाई सुनाएँ । उहाँले योभन्दा पनि यसरी गरौं भनेपछि मैले त्यही गरें । नत्र मैले एक/दुईटा कन्सेप्ट बनाएको थिएँ,' उनी अगाडि भन्छन्, 'फिल्म भनेको निर्देशकको हुन्छ । उहाँले मेरो फिल्म यस्तो बन्छ भनेर पहिल्यै 'भिजुलाइज' गरिसक्नुभएको हुन्छ । त्यसमा हामीले आफूलाई ढाल्ने हो । मैले पनि त्यही गरें ।'

५० वर्ष लामो करिअरमा हरिवंशले पहिलोपटक 'महापुरुष'मा वर्कसपको अनुभव लिएका थिए । त्यसअघि उनलाई वर्कसप भन्ने नै थाहा थिएन । 'महाजात्रा'का लागि पनि वर्कसप गरेका उनी भन्छन्, 'मैले कला क्षेत्रमा काम गरेको ५० वर्ष भइसक्यो । वर्कसप भन्ने 'महापुरुष'मा गरेको हुँ । त्योभन्दा अगाडि मलाई वर्कसप भन्ने थाहा थिएन । वर्कसपले क्यारेक्टरमा भिज्न ठूलो सहयोग गर्ने रहेछ ।'

# 'निफ'मा विपिन र सुरक्षा उत्कृष्ट

काठमाडौं/सातौं नेपाल अन्तर्राष्ट्रिय फिल्म महोत्सव (निफ)मा अभिनेता विपिन कार्की र अभिनेत्री सुरक्षा पन्त उत्कृष्ट घोषित भएका छन् । सोमबार महोत्सवको समापन समारोहमा विपिनले फिल्म 'एक भागवत एक गीता'बाट उत्कृष्ट अभिनेताको अवार्ड प्राप्त गरे भने फिल्म 'बुलाकी'बाट सुरक्षाले उत्कृष्ट अभिनेत्रीको अवार्ड जितिन् । उत्कृष्ट फिल्म पनि 'बुलाकी' बन्न सफल भएको छ । र, यही फिल्मबाट लक्ष्मण सुनारले उत्कृष्ट निर्देशकको अवार्ड पनि प्राप्त गरे ।





झरना थापा निर्देशित फिल्म 'एक भागवत एक गीता'बाट राजेश श्रेष्ठ र संकल्प भुजेलले उत्कृष्ट सिनेमेटोग्राफीको अवार्ड जिते भने फिचर फिल्मतर्फ उत्कृष्ट पटकथाको अवार्ड 'डेसान'बाट कमल एक्चै मगरले प्राप्त गरे । फिचर फिल्मतर्फ अडियन्स च्वाइस अवार्ड 'पखेटा'ले प्राप्त गऱ्यो ।

त्यस्तै, भारतको 'वाइल्ड स्वान'ले गौतम बुद्ध फिचर फिल्म अवार्ड, पोर्चुगलको 'लभ लाइट'ले अन्तर्राष्ट्रिय डकुमेन्ट्रीतर्फ माउन्ट एभरेस्ट अवार्ड, इजिप्टको 'आइ प्रमिस यू प्याराडाइज'ले उत्कृष्ट अन्तर्राष्ट्रिय लघु फिल्मतर्फ बागमती अवार्ड, चीनको 'द ट्रेकर, द वुल्फ एण्ड द मंकी किङ्ग'ले जुरी स्पेशल मेन्सन अवार्ड तथा सर्वियाको 'लाजरस पाथ'ले डन किहोटे उत्कृष्ट अन्तर्राष्ट्रिय अवार्ड जित्यो ।

यसैगरी, उत्कृष्ट राष्ट्रिय लघु फिल्मको अवार्ड 'एट एनोदर विन्टर'ले जित्न सफल हुँदा ऐके शेर्पा उत्कृष्ट डकुमेन्ट्रीतर्फ 'जर्नी'बाट इनुमा राईले अवार्ड उचालिन् । राष्ट्रिय लघु फिल्म र डकुमेन्ट्रीतर्फको अडियन्स च्वाइस अवार्ड भने 'अर्केस्ट्रा'बाट निर्देशक सफल पाण्डेले जित्न सफल भए । पाँच दिनसम्म (चैत १ गतेदेखि ५ गतेसम्म) काठमाडौंमा चलेको महोत्सवमा ४० देशका ८८ फिचर, लघु फिल्म तथा वृत्तचित्र देखाइएको थियो ।

# अर्थतन्त्रको शिथिलता हटाउन के छ सत्ता गठबन्धन दलको योजना ?

काठमाडौं/मंगलबार सार्वजनिक पाँच दलीय गठबन्धनको साझा संकल्पमा सरकारले अर्थतन्त्रको शिथिलता अन्त्य गर्ने बताएको छ ।

उत्पादनदेखि उपभोगसम्म र लगानीदेखि व्यापारसम्म देखिएको शिथिलता हटाउन नीतिगत सुधार गर्ने र आर्थिक क्रियाकलापलाई तीव्रता दिने गठबन्धनले बताएको छ । मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डदेखि गठबन्धनका शीर्ष नेताले सार्वजनिक गरेको कार्यक्रममा सुस्त कर्जा प्रवाह र पूँजीगत सार्वजनिक खर्चको न्यूनताजस्ता समस्याको समाधान गर्ने, वित्तीय र मौद्रिक नीतिबीच समन्वय गर्दै, तात्कालीन र मध्यकालीन लगानी र रोजगार-मैत्री नीतिगत सुधारमा बाधा पुऱ्याउने विभिन्न कानुनहरु



संशोधन गर्ने उल्लेख छ ।

सार्वजनिक वित्तको दिगो व्यवस्थापनमा चुनौतीको रुपमा रहेको राजस्व र खर्चबीच बढिर हेको अन्तरलाई कम गर्न राजस्व सुधार, सरकारी खर्चमा मितव्ययिता, वैदेशिक सहयोगका नवीन स्रोतहरूको पहिचान र परिचालन गर्ने समेत साझा कार्यक्रममा उल्लेख छ ।

विप्रेषण आप्रवाहलाई उत्पादनशील गतिविधिमा लगाउने र सेयर बजारलाई नीतिगत सुधार मार्फत चलायमान बनाउने समेत साझा कार्यक्रममा उल्लेख गरिएको छ । सहुलियतमा रहेको हरित वित्त, अन्तर्राष्ट्रिय बजारमा पहुँच र प्रविधि हस्तान्तरणलाई केन्द्रबिन्दुमा राखी अतिकम विकसित राष्ट्रको दर्जाबाट स्तरोन्नति भएपछिको संक्रमणकालीन रणनीति कार्यान्वयन गर्ने समेत दलहरुको प्रतिवद्धता रहेको छ ।

पन्ध्रौं योजनाको कार्यान्वयन अवस्थाको वस्तुनिष्ठ समीक्षासहित सोह्रौं राष्ट्रिय योजना प्रारम्भ गर्ने, यस आवधिक योजना आरम्भ गर्दा डिजिटलाइजेसन, पर्यटन, कृषि, ऊर्जा र हरित औद्योगिकीकरणलाई रोजगारमूलक आर्थिक वृद्धि एवम् संरचनात्मक रूपान्तरणका नयाँ आधारका रूपमा परिभाषित गर्दै सन् २०३० भित्र दिगो विकास लक्ष्य हासिल गरी 'सम्मानजनक मध्यम आय भएको अर्थतन्त्र' निर्माण गर्ने समेत गठबन्धनको प्रतिबद्धता छ ।

*(स्रोत:अनलाइखबर)*

## शालिन मृत्यु प्रकरण:

# पक्राउ परेका तीनै जना धरौटीमा रिहा

काठमाडौं/चितवनको रत्नगर नगरपालिका-१० स्थित शिशु निकेतन माविको छात्राबासमा मृत भेटिएकी १४ वर्षीया शालिन पोखरेल प्रकरणमा पक्राउ परेका तीनै जना धरौटीमा रिहा भएका छन् ।

शालिनको मृत्यु भएपछि पक्राउ परेका प्रधानाध्यापक बालहरि देवकोटा, सहप्रधानाध्यापक किरण बहादुर अधिकारी र होस्टल वार्डेन कमलप्रसाद शर्मा रिहा भएका हुन् ।

चितवन जिल्ला अदालतका न्यायाधीश रमेशप्रसाद ज्ञवालीको इजलासले उनीहरूलाई धरौटीमा रिहा गर्न आदेश दिएको थियो ।

अदालतले प्रधानाध्यापक देवकोटालाई ३ लाख र सहप्रधानाध्यापक अधिकारी र होस्टल वार्डेन शर्मालाई जनही ५/५ लाख धरौटी बुझाउन आदेश दिएको थियो ।

अदालतको आदेशपछि उनीहरू धरौटी बुझाएर हिरासतमुक्त भएको जिल्ला प्रहरी कार्यालय चितवनका डीएसपी तथा प्रवक्ता श्रीराम भण्डारीले संचारकर्मीलाई बताए ।

शालिनको मृत्युपछि प्रहरीले तीन जनालाई पक्राउ गरेर अनुसन्धान गरेको थियो । अनुसन्धानका क्रममा शालिनले आत्महत्या गरेको पुष्टि भएको थियो । त्यसपछि पक्राउ परेका तीनै जनाविरुद्ध आत्महत्या दुरुत्साहनको मुद्दा दायर गरिएको थियो ।

*(स्रोत:अनलाइखबर)*

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### सत्तारुढ ५ दलको संकल्प :

# सहकारी नियमनमा कडाइ गर्ने, आर्थिक शिथिलता हटाउने



काठमाडौं, ६ चैत/ सत्तारुढ गठबन्धनमा रहेका पाँच दलले सहकारी, लघुवित्त र मिटर ब्याजमा देखिएका समस्या समाधान गर्ने उद्घोष गरेका छन् ।

नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी र एकीकृत समाजवादीले मंगलबार न्यूनतम नीतिगत प्राथमिकता र साझा संकल्प सार्वजनिक गर्दै सहकारी, लघुवित्त र मिटरब्याजको समस्या समाधान गर्ने प्रतिबद्धता जनाएका हुन् ।

त्यसका लागि सहकारी कर्जा असुली न्यायाधीकरणको गठन गर्ने र सहकारी बचत तथा कर्जा सुरक्षण कोष सुरुवात गर्ने दलहरुको उद्घोष छ ।

ठूलो कारोबार गर्ने सहकारीलाई केही समय राष्ट्र बैंकको नियमन र सुपरीवेक्षणमा राख्न कानुनी प्रबन्ध गर्ने, बचत तथा ऋण सहकारी संस्थाको नाममा रहेका सम्पत्तिको धितोमा राष्ट्र बैंङ्कबाट छोटो अवधिको पुनर्कर्जा दिने र हाललाई बचत तथा ऋण कारोबार गर्ने संस्थाको दर्ता र कार्यक्षेत्र विस्तार रोक्ने दलहरुको संकल्प छ ।

त्यस्तै लघुवित्तका ऋणीहरूको कर्जा पुनर्तालिकीकरण तथा पुनर्संरचनाको व्यवस्था गर्ने संकल्प पनि सत्तारुढ दलको छ ।

२१ फागुनमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कांग्रेससँगको सहकार्य अन्त्य गरेर नेकपा एमालेसहित ५ दलको गठबन्धन बनाएपछि न्यूनतम साझा कार्यक्रम बनाउन एक कार्यदल गठन गरिएको थियो ।

उक्त कार्यदलमा एमालेबाट विष्णु पौडेल र विष्णु रिमाल, माओवादी केन्द्रबाट वर्षमान पुन र जनार्दन शर्मा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट स्वर्णिम वाग्ले र मुकुल ढकाल, जसपाबाट मनीष सुमन र राजेन्द्र श्रेष्ठ र एकीकृत समाजवादीबाट प्रमेश हमाल र घनश्याम भूसाल सदस्य थिए । उनीहरूले तयार पारेको न्यूनतम साझा कार्यक्रमको मस्यौदा केही दिनअघि पाँच दलका शीर्ष नेतालाई बुझाएका थिए । सोही मस्यौदालाई अन्तिम रुप दिएर मंगलबार सार्वजनिक गरिएको हो ।

५ दलले अर्थतन्त्रमा शिथिलता देखिएको स्वीकार गर्दै उत्पादनदेखि उपभोगसम्म र लगानीदेखि व्यापारसम्म देखिएको शिथिलता हटाउन नीतिगत सुधार गर्ने संकल्प गरेका छन् ।

त्यस्तै कर्जा प्रवाह बढाउने, पुँजीगत खर्च बढाउने, लगानी र रोजगारमैत्री वातावरणमा बाधा पुऱ्याउने कानुन संशोधन गर्ने पनि दलहरुको संकल्प छ ।

त्यस्तै सरकारी खर्चको आधारमा राजश्व वृद्धि गर्ने, सरकारी खर्चमा मितव्ययिता अपनाउने, वैदेशिक सहयोगका नयाँ स्रोतको खोजी गर्ने पनि घोषणा गरिएको छ । रेमिट्यान्सलाई उत्पादनशील गतिविधिमा लगाउने र सेयर बजारलाई नीतिगत सुधार मार्फत चलायमान बनाउने पनि दलहरूको संकल्प छ ।

संकल्पमा अतिक्रमित भूमि फिर्ता ल्याउन प्रभावकारी कूटनीतिक प्रयास अघि बढाउने पनि उल्लेख गरिएको छ । 'लिम्पियाधुरा, लिपुलेक, कालापानी, सुस्तालगायतका नेपाली भूमि फिर्ता लिन प्रभावकारी कूटनीतिक प्रयास अगाडि बढाउने', ५ दलको संकल्पमा भनिएको छ ।

सरकारी सेवाहरू तोकिएको समयमा उपलब्ध गराउन 'टाइम कार्ड' लागू गर्ने, सरकारी कार्यालयहरूमा नागरिकतालगायत कागजात पटक-पटक बुझाउनुपर्ने झञ्झट हटाउन नागरिक एपलाई सुदृढ बनाउने पनि दलहरुको प्रतिबद्धता छ ।

उद्यमी-व्यवसायीहरूको मनोबल उठाउन उद्योग-व्यापार र सेवालगायतका सबै क्षेत्रमा व्यावसायिक वातावरण सिर्जना गर्ने, निजी क्षेत्रका संघसंस्थाको साझेदारीमा हरेक पालिकाहरूमा 'बजार मिल्दो, युवा केन्द्रित' सीपमूलक कार्यक्रम सञ्चालन गर्ने ५ दलको संकल्प छ ।

विश्वविद्यालयमा देखिएका समस्याले उच्च शिक्षा अध्ययनका लागि विद्यार्थी बाहिरिएको निष्कर्ष निकाल्दै सत्तारुढ दलले विश्वविद्यालयका समस्या समाधान गरेर उच्चशिक्षाका निम्ति विदेश जानुपर्ने अवस्था अन्त्यको संकल्प पनि गरेका छन् ।

पूर्वाधार आयोजनाको निर्माणलाई तीव्रता दिने, सम्पन्न भइसकेका आयोजनाको निर्माण व्यवसायीलाई तत्काल रकम भुक्तानी गर्ने, समयमै कार्यसम्पन्न नगर्ने निर्माण कम्पनीहरूको लाइसेन्स खारेज गरी क्षतिपूर्ति असुल गर्ने पनि घोषणा गरिएको छ । नयाँ सरकारले विशेष आर्थिक क्षेत्र प्राधिकरण र औद्योगिक विकास तथा व्यवस्थापन लिमिटेडलाई गाभेर औद्योगिक पूर्वाधार विकास प्राधिकरण बनाउने संकल्प गरेको छ ।

सत्ता गठबन्धनले वातावरण नबिग्रिने र विकास पनि नरोकिने विधि अपनाएर चुरेको संरक्षण गर्ने संकल्प गरेको छ । हाइड्रोजन इनर्जी जस्ता ऊर्जाका नयाँ क्षेत्रको प्रवर्द्धन गर्न वैकल्पिक ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने नीति सत्ता गठबन्धनको छ ।

त्यस्तै दुई वर्षभित्र सुकुम्बासी, मुक्त हलिया, मुक्त कमैया र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने र जाजरकोट, रुकुम, बझाङलगायतका स्थानमा भूकम्प पछिको पुनर्निर्माण कार्य यथाशीघ्र सम्पन्न गर्ने पनि संकल्प गरिएको छ ।

दलहरूले शान्ति प्रक्रियाका बाँकी कामलाई टुङ्ग्याउन तत्काल कानुनी प्रबन्ध गर्ने, पीडितलाई केन्द्रमा राखी तथ्यको आधारमा सत्य स्थापित गर्ने र सत्यको आधारमा न्याय, क्षतिपूर्ति, परिपूरण, माफी र मेलमिलापका माध्यमबाट द्वन्द्व-सिर्जित पीडाको सम्बोधन गर्ने संकल्प गरेका छन् ।

न्यूनतम संकल्पमा भ्रष्टाचारी एक दिन कानुनको कठघरामा पुग्नेछ भन्ने विश्वास जगाउने संकल्प गरिएको छ । 'अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्ता नियामक निकायलाई कानुन, जनशक्ति, स्रोत र साधनसहित अधिकारसम्पन्न बनाई भ्रष्टाचार नियन्त्रण र सदाचारको प्रत्याभूति गर्ने', संकल्पमा भनिएको छ, 'भ्रष्टाचार र अख्तियारको दुरुपयोगसँग जोडिएका विषयको छानबिन र अनुसन्धान गरी कुनै पनि कालखण्डमा भएका भ्रष्टाचार र जो कोही भ्रष्टाचारी माथि कानुनी कारबाही अगाडि बढाउने ।'

१० पुसमा प्रधानमन्त्री निर्वाचित भएयता पुष्पकमल दाहाल प्रचण्ड सरकारको न्यूनतम साझा कार्यक्रम तेस्रो पटक सार्वजनिक गरिएको हो । विगतका सबै अनुभवहरूलाई संश्लेषित गरेर परिमार्जन सहित साझा संकल्प ल्याइएको प्रधानमन्त्री प्रचण्डले बताए । यो साझा संकल्प अघिल्लो पटकका भन्दा अर्थपूर्ण र संक्षेपमा रहेको उनले बताए । 'घोषणा भन्दा कार्यान्वयन प्राथमिकता हो । यो समीकरणले पनि आशा जगाउन सकेन भने देश अप्ठ्यारोमा जानेछ', उनले भने ।

(स्रोत: अनलाइनखबर)



**दिवाखाजमा रमाउँदै बालबालिका**: ग्रामीण क्षेत्र विद्यालयमाका दिवाखाजाको महत्व धेरै छ । राक्सिराङ गाउँपालिका-६ स्थित राष्ट्रिय माध्यमिक विद्यालयका बालबालिका दिवाखाजा खाँदै । दिवाखाजाकै कारण विद्यालयमा विद्यार्थीको नियमित उपस्थिति बढेको छ र मध्यान्तरपछि कक्षा छोड्ने दर घटेको छ ।
तस्बिर: प्रतिक्षा न्यौपाने/साझाकुरा

# भुटनदेवी माविको अध्यक्षमा सिग्देल




साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत/हेटौंडा उपमहानगरपालिका-४ स्थित भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)को व्यवस्थापन समिति अध्यक्षमा वडाध्यक्ष नवीन सिग्देल चयन भएका छन् ।

२०१६ सालमा स्थापित नगरकै अग्रणी शैक्षिक संस्था भुटनदेवी माविको अध्यक्षमा निर्वाचित भएपछि उनले मंगलबारबाट पदभार ग्रहण गरे । भुटनदेवी स्कूलबाटै २०३६ सालको आन्दोलनको सुरुवात भएको इतिहास छ । गर्विलो इतिहास बोकेको भुटनदेवीको गत पुसमा भएको अभिभावक भेलाको करिब एक महिनापछि अध्यक्ष चुनेको हो । मंगलबार बसेको विद्यालय व्यवस्थापन समितिको बैठकले सिग्देललाई सर्वसम्मत रुपमा अध्यक्ष चयन गरेको हो ।

२९ पुसमा विद्यालयको अभिभावक भेला सम्पन भए पनि विद्यालय व्यवस्थापन समिति चयन गर्न सकेको थिएन । २ जना खुलातर्फ १४ जना र २ जना महिलातर्फ २० जनाको उम्मेदवारी परेपछि अभिभावकबाट विद्यालय व्यवस्थापन समिति सदस्य चयनमा हुन नसकेको जनाइएको छ । विद्यालय व्यवस्थापन समिति सदस्यमा गोमा सुनुवार, रिमा श्रेष्ठ, कृष्णप्रसाद कँडेल, नारायणप्रसाद तिमल्सिना, राजेन्द्र बस्ताकोटी र राधिका चौलागाई छन् ।

कार्यक्रममा समितिका अध्यक्ष सिग्देलले आफ्नो कार्यकालमा समग्र शिक्षाको गुणस्तरमा कुनै किसिमको सम्झौता नगरी अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । ४ नम्बर वडा शैक्षिक अभियानमा लागिपरेको बताउँदै अध्यक्ष सिग्देलले आगामी दिनमा पनि शैक्षिक क्षेत्रमा उल्लेखनीय काम गर्ने बताए । सिग्देलले आफ्नो कार्यकालको पहिलो बैठकबाट विद्यालयका पूर्वप्रधानाध्यापक डेण्टीजंग शाहको स्मृतिमा छात्रवृतिक लागि कोष स्थापना गर्ने निर्णय गराएका छन् ।

# सीडीओ सरुवाको कार्यविधि संशोधन

काठमाडौं, ६ चैत/गृह मन्त्रालयले प्रमुख जिल्ला अधिकारी (सीडीओ)को पदस्थापन, सरुवा वा काम काजमा खटाउने सम्बन्धी कार्यविधि संशोधन गरेको छ । कार्यविधिमा दोस्रो दोस्रो संशोधन गर्दै गृहले प्रमुख जिल्ला अधिकारी खटनपटनलाई नेतृत्व र समन्वय क्षमता, सुरक्षा व्यवस्थापन सम्बन्धी ज्ञान, स्थानीय स्तरको कार्य अनुभव, रुची, क्षमता र वरिष्ठताको आधारमा थप सरल, पारदर्शी एवम् अनुमानयोग्य बनाउने बताएको छ ।

३ माघ २०७९मा बनेको यो कार्यविधि गत ३१ जेठमा पहिलोपटक संशोधन भएको थियो भने २ चैतमा गृहमन्त्री रवि लामिछानेको दोस्रो पटक संशोधन गरेका छन् । कार्यविधिले राजपत्राकिंत प्रथम अर्थात् सहसचिव वा द्वितीय श्रेणी अर्थात् उपसचिवलाई प्रमुख जिल्ला अधिकारीका रुपमा खटाउने गरी विभिन्न व्यवस्था गरेको छ । मन्त्रीस्तरको निर्णयबाट जिल्लाका वर्गीकरणहरू बदलिएको छ । संशोधित कार्यविधिका आधारमा नै मंगलबार मन्त्रालयले ११ जना सीडीओहरुको सरुवा गरेको छ ।

सहसचिव प्रमुख जिल्ला अधिकारी हुने 'क' वर्गको मन्त्रालय, विभाग वा अन्तरगतका कार्यालयमा सामान्यतया कम्तीमा एक वर्ष काम गरेकोलाई मात्रै अटाउने कार्यविधिमा व्यवस्था छ । कार्यविधिमा दोस्रो संशोधनमार्फत प्रमुख जिल्ला अधिकारीहरुको सरुवा प्रयोजनका लागि 'क' वर्गको जिल्लाको सूचीमा धनुषा, भक्तपुर, काभ्रेपलान्चोक, दाङ र सुर्खेतलाई थप गरिएको छ । हालसम्म काठमाडौं, कास्की, कैलाली, चितवन, झापा, पर्सा, बाँके, मकवानपुर, मोरङ, रुपन्देही, ललितपुर र सुनसरी जिल्ला 'क' वर्गमा थिए ।

कार्यविधिमा उपसचिवलाई प्रमुख जिल्ला अधिकारीका रुपमा खटाउनुपरेमा उक्त श्रेणीको पदमा सामान्यता एक वर्षको गृह प्रशासनको अनुभवसहित सोही पदमा पाँच वर्षको प्रशासनिक क्षेत्रको कार्य अनुभव भएको हुनुपर्ने उल्लेख छ । कानूनमा स्नातक तह उत्तीर्ण वा मान्यताप्राप्त संस्थाबाट कम्तीमा तीन महिनाको न्याय तथा कानून सम्बन्धी प्रशिक्षण लिएको अनुभव पनि अनिवार्य गरिएको छ । कार्यविधि अनुसार उपसचिवलाई प्रमुख जिल्ला अधिकारी बनाउँदा राजपत्राकिंत द्वितीय श्रेणीको सहायक प्रमुख जिल्ला अधिकारी वा इलाका प्रशासन कार्यालयको प्रमुख भई वा मन्त्रालय, विभाग वा अन्तर्गत सामान्यतया एक वर्ष काम गरेको अनुभव चाहिन्छ । कानूनमा स्नातक तह उत्तीर्ण वा मान्यता प्राप्त संस्थाबाट कम्तिमा तीन महिनाको न्याय तथा कानून सम्बन्धी तालिम प्राप्त गरेको हुनुपर्ने व्यवस्था पनि गरिएको छ ।

पहिलोपटक प्रमुख जिल्ला अधिकारी खटाउँदा मन्त्रालय, विभाग वा अन्तर्गत कार्यालयमा कार्यरत राजपत्राकिंत प्रथम वा द्वितीय श्रेणीका अधिकृतमध्ये वरिष्ठलाई प्राथमिकता दिने कार्यविधिमा उल्लेख छ । काठमाडौं उपत्यकाका जिल्लामा पदस्थापन वा सरुवा गर्दा वा काज खटाउँदा 'ख' र 'ग' वर्गका जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारी भएर अनुभव हासिल गरिसकेको अधिकृतलाई प्राथमिकता दिइनेछ । कार्यविधिमा दोस्रो संशोधनमार्फत 'ख' वर्गमा रामेछाप, दोलखा, डोटीलाई थप गरिएको छ ।

(स्रोत: अनलाइनखबर)


HIMALAYANLIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको मागबमोजिम प्रतिलिपी बीमालेख जारी गीरने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | GLI१५५०००१३९१ | जोया लामा | चन्द्रपुर-०३, रौतहट |
| २ | PLI१७६०००१४७४ | राजेश प्रसाद कुश्वाहा | कटहरिया-०९, रौतहट |
| ३ | PLI१५५००००८१ | रुकु तिमल्सिना | चन्द्रपुर-१४, रौतहट |
| ४ | GLI००१००२३६५६ | शुभलक्ष्मी लामा | हेटौंडा-१०, मकवानपुर |



## सूचना ! सूचना ! सूचना !

नेपाल निर्माण व्यवसायी महासंघको २५ औं साधारण सभा यही आउँदो २०८० साल चैत्र १६ र १७ गतेका दिन निर्माण व्यवसायी संघ मकवानपुर सह-आयोजक हुने गरी **सम्मानानीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)** को **प्रमुख** आतिथ्यतामा **बागमती प्रदेशको राजधानी हेटौडा**को रोयल प्यालेस, हेटौंडा, मकवानपुरमा सम्पन्न हुन गईरहेको व्यहोरा महोदयमा सहर्ष जानकारी गराउँदछौं । उक्त २५ औं साधारण सभामा विभिन्न मन्त्रालयका मन्त्रीज्यूहरु, बागमती प्रदेशका मुख्यमन्त्रीज्यू तथा प्रदेश मन्त्रीज्यूहरु, माननीय सासदज्यूहरु, संघीय सचिवज्यूहरु, सरकारी कार्यालयका उच्चपदस्थ कर्मचारीहरु, विभिन्न संघ संस्था, गैरसरकारी संस्थाका प्रतिनिधिहरु र निर्माण व्यवसायीहरु गरी करिब १८०० जनाको प्रतिनिधि पर्यवक्षकका रुपमा सहभागिता रहने व्यहोरा समेत यहाँमा जानकारी गराउँदछौं ।

साथै, यस संघमा दर्ता रहनु भएका निर्माण व्यवसायीहरु ले नेपाल निर्माण व्यवसायी महासंघको २५ औं वार्षिक साधारण सभा मा सहभागी हुन मिति २०८० चैत्र ९ गते सम्ममा २०८०/०८१ को अनिर्वाय रुपमा यस संघमा नविकरण गराईसक्नु पर्ने र उप्त साधारण सभामा प्रतिनिधि पर्यवक्षकको रुपमा सहभागी हुनको लागि रजिष्ट्रेशन बापत रु १,००० (एक हजार रुपैयाँ मात्र) लाग्ने व्यहोरा समेत जानकारी गर्दछौं ।

राजेन्द्र प्रसाद चौलागाई
महासचिव
**निर्माण व्यवसायी संघ मकवानपुर**



## हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट






**Ready To Eat**

## हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

# सुदिन प्याकेजिङ्ग उद्योग

हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना